कृषि विकास रणनीतिको कार्यान्वयन अवस्था अध्ययन

प्रतिवेदन

(Contract ID: NFC/Consult_Service/074-75/7)

बुझाईएको:

नेपाल सरकार

कृषि भूमिव्यवस्था तथा सहकारी मन्त्रालय

राष्ट्रिय किसान आयोग, काठमाण्डौ ।

तयारकर्ता:

.....

२०७५

विषयसूची

क्र.सं.	विवरण	पृष्ठ संख्या
१.	परिचय	
१.१	पृष्ठभूमि	
१.२	कृषि क्षेत्रका विद्यमान समस्या एवं चुनौतीहरु	
१.३	अध्ययनका उद्देश्यहरु	
२	अध्ययनको विधी	
२.१	डेस्क अध्ययन:	
२.२	फिल्ड अध्ययन	
३	अध्ययनका नतिजाहरु (Findings of the Study)	
३.१	कृषि विकास रणनीतिले परिकल्पना गरेको कृषिको रूपान्तरण प्रक्रिया	
३.२	कृषि विकास रणनीति को परिकल्पना (VISION OF THE ADS)	
३.३	रणनीतिक रूपरेखा (STRATEGIC FRAMEWORK)	
३.४	एडिएस को कार्यान्वयन अवस्था (IMPLEMENTATION OF THE ADS)	
३.५	आत्मनिर्भर कृषि तथा किसान कल्याणको लागि कृषि विकास रणनीतिमा भएका व्यवस्थाहरु	
३.५.१	आत्मनिर्भर कृषिको लागि कृषि विकास रणनीतिमा भएका मुख्य कार्यक्रमहरू	
३.५.१.१	आधार कार्यक्रमहरू (Core programs)	
३.५.१.२	खास महत्त्वका कार्यक्रमहरू (FLAGSHIP PROGRAMS)	
३.५.१.३	अन्य कार्यक्रमहरू (Other programs)	
३.५.२	किसान कल्याणको लागि कृषि विकास रणनीतिमा भएका व्यवस्थाहरु	
३.५.२.१	कृषक अधिकारको सुदृढिकरण	
३.५.२.२	खाद्य अधिकारको प्रवर्द्धन	
३.५.२.३	किसान आयोगको स्थापना	
३.५.२.४	अति विपन्न वर्गको उन्नत खाद्य तथा पोषण सुरक्षा	
३.५.२.४	गरिबी न्यूनीकरण:	
३.५.२.५	भूमिमाथि महिलाको अधिकार	
३.५.२.६	आनुवांशिक रूपमा परिवर्तित जीवको नियमन	
३.५.२.७	वैदेशिक लगानी प्रवर्द्धन	
३.५.२.८	बीउको माग र आपूर्तिबारे सूचना प्रणाली स्थापना	
३.५.२.९	जलवायु परिवर्तन, विपद् व्यवस्थापन र समानुकूलन (resilience)	
३.५.२.१०	कृषक कल्याणकारी कोष स्थापना	
३.५.२.११	कृषि बिमाको प्रवर्द्धन	
३.५.२.१२	खाद्य / बीउ र दाना/घाँसपात भण्डारण प्रणाली सुदृढिकरण	
३.५.२.१३	कृषि बजार सूचना प्रणाली	
३.५.२.१४	दिगो खेती असल कृषि अभ्यासहरू र असल पशु चिकित्सा तथा पशुपालन अभ्यासहरू	
३.६	कृषि विकास रणनीतिले प्रस्ताव गरे अनुसारको साँगठनिक संरचनाहरु	
३.६.१	एडिएस कार्यान्वयनका लागि सार्वजनिक सेवा प्रणालीलाई प्रभावकारी बनाउन कृषि विकास मन्त्रालय र विभाग स्तरको संगठनात्मक सुधार :	
३.६.२	खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा परिवर्तन	
३.६.३	कृषि तथा वन विज्ञान विश्वविद्यालय र कृषि कलेजहरूका लागि सुझावहरू	

३.६.४	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्	
३.६.५	राष्ट्रिय कृषि अनुसन्धान प्रणालीलाई पुनर्संरचना गर्ने ।	
३.७	कृषि विकास रणनीतिमा उल्लेख भएअनुसार कृषि विकास तथा पशुपँक्षी विकास कार्यक्रमहरुको कार्यप्रगती अवस्था	
३.७.१	खाद्य तथा पोषण सुरक्षा	
३.७.२	गरिबी न्यूनीकरण:	
३.७.३	कृषि व्यापारबाट हुने वचत	
३.७.४	ग्रामीण घरपरिवारको उच्च र उचित आम्दानी	
३.७.५	कृषकहरूको मजवुद गरिएको अधिकार	
३.७.६	नीतिगत तहमा भएका प्रयासहरु	
४.	निष्कर्ष एवं सुझावहरु (Conclusion and Suggestion)	
५.	सन्दर्भ ग्रन्थहरु	

१. परिचय

१.१ पृष्ठभूमि

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ । देशको कूल गार्हस्थ उत्पादमा एक तिहाई भन्दा बढी योगदान गर्ने र करिब दुई तिहाई जनसंख्या रोजगारी तथा जिविकाका लागि यसै क्षेत्रमा निर्भर रहदै आएका छन् । नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुने, खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुने सुनिश्चितता गरेको छ । अझैपनि करिव २१.६ प्रतिशत नेपाली जनता निरिपेक्ष गरिवीको रेखामुनी रहेको अवस्थामा निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं औद्यागिक कृषि प्रणालीमा रूपान्तरण गरी उत्पादनमुलक क्षेत्रमा प्रशस्त रोजगारी सृजना गर्ने र दिगो कृषि विकासको माध्यमवाट मुलुकको समग्र आर्थिक विकास र गरिवी न्यूनीकरणको लक्ष्य हाँसिल गर्न कृषि क्षेत्रले प्रशस्त सम्भावना राखेको छ । सन् २०२२ सम्ममा नेपाललाई अतिकम विकसित राष्ट्रको दर्जाबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नती गर्ने तथा सन् २०३० सम्ममा मध्य आय भएको देशमा रुपान्तरण हुने राष्ट्रिय लक्ष्य हाँसिल गर्न उच्च, दिगो एवं समावेशी आर्थिक वृद्धि आवश्यक पर्ने र सो आर्थिक वृद्धि हाँसिल गर्न अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको आधुनीकिकरण, व्यवसायिकरण, औद्यागिकीकरण र विविधिकरण गर्नु अपरिहार्य देखिन्छ । यिनै कुराहरुलाई मध्यनजर गर्दै कृषि क्षेत्रको विगत तथा वर्तमानका कामहरूको समीक्षामा आधारित रहेर १० वर्षे कार्ययोजना र मार्गचित्रसहित कृषि विकासको समष्टिगत २० वर्षे रणनीतिक योजनाको रुपमा २०७२।०४।१० गते नेपाल सरकारले कृषि विकास रणनीति जारी गरी कार्यान्वयनमा ल्याएको देखिन्छ । दिर्घकालीन कृषि योजना (सन १९९५-२०१५) को समाप्ति पश्चात आगामी २० वर्ष सम्म नेपालको समग्र कृषि क्षेत्रलाई दिशानिर्देश गर्न कृषि विकास रणनीतिको आवश्यकता परेको हो । नेपाल सरकारबाट २०७२ श्रावण १० मा स्वीकृत गरिएको कृषि विकास रणनीतिको प्रतिवेदन कृषि विकास मन्त्रालयले राष्ट्रिय किसान संजालसंगको सहकार्यमा र एशियाली विकास वैंकले समन्वय गरेका १३ वटा विकास साझेदारहरुको सहयोगमा तयार पारिएको हो । रणनीति तर्जुमाका क्रममा कृषि विकास मन्त्रालयले व्यवस्थापिका संसद अन्तरगतको कृषि तथा जलश्रोत समिति, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरु, राष्ट्रिय किसान संजाल लगायतका अन्य सरोकारवाला निकायहरुबाट प्राप्त भएका महत्वपूर्ण सुझावहरुलाई यथासंभव समावेश गरि उक्त प्रतिवेदनलाई अन्तिमरुप दिएको हो । संविधान सभा बाट २०७२।०६।०३ गते नेपालको नया संविधान जारी भए पश्चात औपचारिक रुपमा मुलुक संघिय संरचनामा रुपान्तरीत भएको तर कृषि विकास रणनीति साविकको केन्द्रीकृत संरचना अनुकुल नै रहेको सन्दर्भमा हाल यस रणनीतिको प्रभावकारी कार्यान्वयन जनअपेक्षा अनुरुप हुन सकेको देखिदैन ।

१.२ कृषि क्षेत्रका विद्यमान समस्या एवं चुनौतीहरु

मुलुकको विभिन्न आवधिक योजनाहरुमा कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखिदै आएको भएता पनि आशातितरुपमा यस क्षेत्रको विकास हुन सकिरहेको छैन । लाखौ युवाहरु रोजगारीका लागि विदेश पलायन हुने क्रमबढेसँगै कृषि मजदुरको अभाव हुदा समग्र कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा समेत नकरात्मक प्रभाव देखिन थालेको छ । फलस्वरुप एकातर्फ वर्षेनी मुलुकको ठूलो धनराशी कृषि जन्य वस्तुहरु आयात गर्नका लागि विदेशीई रहेको छ भने अर्कोतर्फ हाम्रा खेत बारीहरु बाँझै रहने अवस्था झन्-झन् बढदै गईरहेको छ । खाद्यान्न तथा खाद्य पदार्थको मूल्यमा देखिने उतार चढाव, कृषि उत्पादन सामाग्रीको अपर्याप्त आपूर्ति, पूर्वाधार विकासको न्यून अवस्था, आर्थिक रूपले सकृय उमेर वर्गका जनशक्तिको दिनानुदिन विदेशिने क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा देखिएको श्रम शक्तिको अभाव, उर्वर कृषि भूमिको अनुत्पादक क्षेत्रमा वढ्दो उपयोग र प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरुले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल गर्नु चुनौतीपूर्ण रहेको छ । तथापी सरकारको समृद्ध नेपाल र सुखी नेपाली को नारालाई मुर्तरुप दिन एवं राष्ट्रको सर्वाङ्गिण विकासकको लागि सर्वप्रथम कृषि क्षेत्रको विकास गर्नु अपरीहार्य नै देखिन्छ ।

१.३ अध्ययनका उद्देश्यहरु

- कृषि विकास रणनीतिमा उल्लेख भएअनुसार कृषि विकास तथा पशुपँक्षी विकास कार्यक्रमहरु र सो कार्यक्रम सन्चालन गर्नको लागि आवश्यक बजेट विनियोजन भएको छ छैन अध्ययन गर्ने ।
- कृषि विकास रणनीतिले प्रस्ताव गरे अनुसारको साँगठनिक संरचनाहरु स्थापना भए नभएको सम्बन्धमा अध्ययन गर्ने
- परिवर्तित सन्दर्भमा कृषि विकास रणनीतिले अपेक्षा गरे अनुसारको उपलब्धि हासिल गर्न के कस्तो कृषि विकासका संरचनाहरु स्थापना गर्नपर्दछ भन्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार गर्ने ।
- कृषि विकास रणनीतिले अंगिकार गरे अनुसार आत्मनिर्भर कृषि तथा किसान कल्याणको आवश्यक कार्यक्रम सँचालन गर्न नेपाल सरकारलाई राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

१.४ अध्ययनको कार्यक्षेत्र

- कषि विकास रणनीतिको सुक्ष्म अध्ययन गरी आत्मनिर्भर कृषि तथा किसान कल्याणको लगि त्यसमा भएको व्यवस्थाहरु अध्ययन गर्ने ।
- कृषि विकास रणनीतिले अपेक्षा गरेको उपलब्धिहरु हाँसिल गर्न कृषि विकास मन्त्रालय तथा पशुपँक्षी विकास मन्त्रालयबाट सँचालित कार्यक्रमहरुको अध्ययन गरी परिमार्जन गर्नुपर्ने भए आवश्यक राय सुझाव समेत तयार गरी पेश गर्ने ।

- परिवर्तित राजनैतिक तथा सामाजिक अवस्था र राज्य पुनर्सरचना सँगै विभिन्न तहका सरकारले सन्चालन गर्नुपर्ने कार्यक्रमहरुको साथै विभिन्न तहका सरकारहरुको बीच समन्वयको खाका समेत तयार गर्ने ।
- कृषि विकास रणनीतिको कार्यान्वयनको सिलसिलामा कृषि विकास मन्त्रालय तथा पशुपँक्षी विकास मन्त्रालयबाट सञ्चालित कार्यक्रमहरुका प्रभावकारीता सम्बन्धि प्रतिवेदन नेपाली भाषामा तयार गर्ने ।
- प्रतिवेदन तयार गर्न विभिन्न सरोकारवालाहरु सँग प्रतिकृया लिनको साथै कम्तिमा तीन जिल्लामा स्थलगत भ्रमण गरी जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, स्थानीय निकायहरु बाट सँचालित कार्यक्रमहरुको जानकारी लिई प्रतिवेदन तयार गर्ने ।

१.५ अपेक्षित उपलब्धी

यो अध्ययन कार्य सम्पन्न गरे पश्चात निम्नानुसारका उपलब्धीहरु हाँसिल हुनेछन्:

- कृषि विकास रणनीति कार्यान्वयनको प्रारम्भिक प्रभावकारीता अध्ययन हुने ।
- कृषि विकास रणनीति कार्यान्वयनका सिलसिलामा देखापरेका समस्या तथा चुनौतीहरु पहिचान भई समाधानको उपायहरु समेत निक्यौल हुने ।
- कार्यक्रम सञ्चालन भएका ठाउमा भएको सफलताका कथा तथा किसानको अनुभवलाई प्रेरणाको रुपमा प्रस्तुत हुने जसले अन्य किसानहरुलाई पनी कृषि पेशामा लाग्न अभिप्रेरित गर्ने ।
- कृषि भूमीव्यवस्था तथा सहकारी मन्त्रालयलाई सञ्चालित कार्यक्रम सम्बन्धमा पृष्ठपोषण हुने ।

२. अध्ययनको विधी

कृषि विकास रणनीति कार्यान्वयन अध्ययन प्रतिवेदनको अवधारणा खाका तालिका १ मा प्रस्तुत गरिएको छ । यो अध्ययन कार्य सम्पन्न गर्नको लागि डेस्क अध्ययन, र फिल्ड अध्ययन दुवै विधी अपनाईने छ । यसरी डेस्क अध्ययन, र फिल्ड अध्ययनबाट संकलित सुचना, तथ्यांक एवं जानकारीहरुलाई वैज्ञानीक ढंगले विशलेष गरि निर्दिष्ट ढाँचामा विस्तृत प्रतिवेदन तयार गरिने छ ।

२.१ डेस्क अध्ययनः

डेस्क अध्ययन अन्तर्गत विभिन्न निकायहरुबाट प्रकाशित पुस्तक, प्रतिवेदन, लगायत अन्य प्रकाशनहरुको अध्ययन गरिने छ । विशेषगरी, नेपालको संविधान २०७२, कृषि विकास रणनीति (२०१५-३५), चालू चौधौं योजना (२०७३/७४-७४/७५), सान्दर्भिक ऐन, नीयमावलीहरु, संघीयता कार्यान्वयन संग संवन्धित नेपाल सरकारका प्रतिवेदनहरु का साथै कृषि, पशुपन्क्षी, वन, सिन्चाई, भूमीसुधार आदी क्षेत्रगत नीतिहरु को अध्ययन गरिने छ ।

२.२ फिल्ड अध्ययन

फिल्ड अध्ययन अन्तर्गत कृषि विकास रणनीति कार्यान्वयन गर्ने कार्यालय/नीकायहरुको भ्रमण गरि सूचना एवं जानकारी संकलन गरिने छ । यसको लागि कृषि विकास मन्त्रालय तथा पशुपँक्षी विकास मन्त्रालयबाट सञ्चालित कार्यक्रमहरुको जानकारी लिईने छ । नेपालको भौगोलिक प्रतिनिधित्व हुने गरी हिमाली क्षेत्रबाट १, मध्य पहाडी क्षेत्रबाट १ र तराई क्षेत्रबाट १ गरी कम्तिमा तीन जिल्लामा स्थलगत भ्रमण गरी जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, स्थानीय निकायहरु बाट सँचालित कार्यक्रमहरुको बारेमा जानकारी लिईने छ । साथै विभिन्न सरोकारवाला नीकाय/व्यक्तिहरु सँग समेत प्रतिकृया लिई कृषि विकास रणनीति कार्यान्वयन प्रभावकारीता अध्ययन प्रतिवेदन तयार गरिने छ ।



तालिका १: अध्ययन प्रतिवेदनको अवधारणा खाका

३. अध्ययनका नतिजाहरु (Findings of the Study)

३.१ कृषि विकास रणनीतिले परिकल्पना गरेको कृषिको रूपान्तरण प्रक्रिया

कृषि विकास रणनीतिले आगामी २० वर्षका लागि नेपालको कृषि क्षेत्रलाई मार्गनिर्देश गर्ने छ । यस अवधिमा नेपालको कृषि क्षेत्रको संरचनामा व्यापक र बहुआयामिक परिवर्तन आउने र कृषि क्षेत्रसँगै कृषि व्यवसायको पनि अभि वृद्धि हुने अपेक्षा गरिएको छ । सन् २०१५ देखि २०३५ सम्मको बीस वर्षे अवधिको एक सम्भाव्य परिदृश्य भनेको नेपालको कुल गार्हस्थ प्रतिव्यक्ति उत्पादनको आधारभूत वृद्धि भई नेपाल एक मध्यम आय हुने देशको स्तरमा पुग्नु हो । यो परिदृश्यले, तीव्रतर रूपमा वृद्धि हुने गरी नीतिगत र संस्थागत सुधार र देशको क्षमतासँग तादाम्यता राख्दछ । मध्यम आय हुने राष्ट्रको हैसियततर्फको यात्रामा नेपाल कृषिको रूपान्तरणको यस्तो प्रक्रिया हुँदै पार हुने छ; जहाँ समाजको आर्थिक संरचना कृषिबाट परिवर्तित भई उद्योग र सेवामा आधारित हुने छ । कृषिको रूपान्तरणको प्रक्रियाका चार पाठहरू एडिएस को परिकल्पना तर्जुमाका लागि सान्दर्भिक हुन्छन् । कृषि र अन्य क्षेत्रहरूबीचको समन्वय खास गरी ग्रामीण क्षेत्रको गरिबी निवारणका लागि महत्त्वपूर्ण हुने छ । ती क्षेत्रमा समग्र रूपमा बलियो अर्थतन्त्र, व्यवस्थित ग्रामीण अर्थतन्त्र र रोजगारी सिर्जनाका लागि कृषिमा आधारित गैर-कृषि गतिविधिहरू विकासका न्यूनतम आधार हुने छन् । यस परिप्रेक्ष्यमा कृषि विकास रणनीतिले कृषि क्षेत्रभित्रका जटिलताहरू सम्बोधन गर्न र उत्पादनका क्षेत्रहरू (बाली, पशुपन्छी, मत्स्यपालन, वन) मात्र नभई प्रशोधन क्षेत्र, व्यापार तथा अन्य सेवाहरू (भण्डारण, ढुवानी तथा सञ्चालन, वित्त, बजारीकरण, अनुसन्धान, प्रसार) लाई समेत समावेश गर्नु सान्दर्भिक हुने छ । कृषि विकास रणनीतिको तर्जुमा मूलतः कृषिमा आधारित समुदायलाई सेवा र उद्योग क्षेत्रबाट बढी आय आर्जन गर्न सक्ने गरी कृषि क्षेत्रको रूपान्तरण गर्ने अवधारणामा आधारित छ । नेपालीको लागि खाद्य उत्पादन तथा वितरण, गैर कृषि क्षेत्रसहितको ग्रामीण विकास, श्रमिक र जमिनको उत्पादकत्व वृद्धि , व्यापार सन्तुलन, रोजगारी र युवा पलायन, कृषि क्षेत्रमा महिलाको भूमिका र जलवायु परिवर्तनको सन्दर्भमा प्राकृतिक स्रोत-साधनको व्यवस्थापन आदिका लागि रूपान्तरण प्रक्रियाको उपादेयता स्थापित हुने छ । कृषि विकास रणनीतिलले कृषि क्षेत्रको रूपान्तरण प्रक्रियालाई गति दिने र नेपाली समाजको आकाङ्क्षा तथा समस्याहरूबीच सही तालमेल सुनिश्चित गर्ने छ । गुणस्तरीय सामग्रीको समयमै उपलब्धताले उत्पादकत्वको स्तर निर्धारण गर्दछ । दीर्घकालीन रूपमा प्रविधिको पहुँच र अवलम्बनका साथै प्राकृतिक स्रोत साधनहरूको प्रभावकारी व्यवस्थापनका क्रममा उपभोग गरिने समग्र उत्पादन सामाग्रीको कुल उत्पादकत्व (Total factor productivity) मा नै कृषि क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धात्मकता निर्भर गर्दछ भन्ने तथ्यलाई कृषि विकास रणनीतिले आत्मसात गरेको छ ।

३.२ कृषि विकास रणनीति को परिकल्पना (VISION OF THE ADS)

“आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने, खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य सम्प्रभुताउन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र" कृषि विकास रणनीतिको परिकल्पना हो । नेपाल सरकारका सम्बन्धित निकायहरुबाट कार्यान्वयनका क्रममा कृषि विकास रणनीतिको परिकल्पना अनुरूपको प्रगति अनुगमन गर्नका लागि तय गरिएका विभिन्न सूचक तथा लक्ष्यहरू तालिका १ मा प्रस्तुत गरिएका छन् ।

तलिका १: कृषि विकास रणनीतिको परिकल्पनाका लागि सूचकहरू र लक्ष्यहरू (Indicators and Targets for ADS Vision)

परिकल्पनाका सम्भाग	सूचकहरू	२०१५ को अवस्था	अल्पकालीन लक्ष्य (५ वर्ष)	मध्यकालीन लक्ष्य (१० वर्ष)	दीर्घकालीन लक्ष्य (२० वर्ष)
आत्मनिर्भरता (Self-reliant)	खाद्यान्नमा आत्मनिर्भरता	खाद्यान्नमा १६ प्रतिशत व्यापार घाटा	० प्रतिशत व्यापार घाटा	०-५ प्रतिशत अतिरिक्त निर्यात व्यापार	०-५ प्रतिशत अतिरिक्त निर्यात व्यापार
दिगोपन (Sustainable)	वर्षैभरि सिँचाइ	२५.२ प्रतिशत	३५ प्रतिशत	६० प्रतिशत	८० प्रतिशत
	माटोमा प्राङ्गारिक पदार्थ	१.९६ प्रतिशत	३.० प्रतिशत	३.९२ प्रतिशत	४ प्रतिशत
	हैशियत विग्रिएको जमिन (degraded land)	३.७२ मिलियन हेक्टर	२.८८ मिलियन हेक्टर	२.५६ मिलियन हेक्टर	१.६ मिलियन हेक्टर
	जंगलले ढाकेको	४४.७ प्रतिशत	४४.७ प्रतिशत	४४.७ प्रतिशत	४४.७ प्रतिशत
	जमिनको उत्पादकत्व (कृषिक्षेत्रको कुल गार्हस्थ उत्पादन प्रति हेक्टर)	३,२७८ अमेरिकी डलर	४,१८४ अमेरिकी डलर	५,३३९ अमेरिकी डलर	८,६९७ अमेरिकी डलर
	कुल गार्हस्थ उत्पादनमा कृषि व्यवसायको प्रतिशत	८ प्रतिशत	९ प्रतिशत	११ प्रतिशत	१६ प्रतिशत
प्रतिस्पर्धी (Competitive)	कृषि व्यापार सन्तुलन	व्यापार घाटा १,१२३ मिलियन अमेरिकी डलर	व्यापार घाटा १,०७३ मिलियन अमेरिकी डलर	व्यापार घाटा ८८२ मिलियन अमेरिकी डलर	व्यापार बचत ५०८ मिलियन अमेरिकी डलर
	कृषिजन्य निर्यात	२५५ मिलियन अमेरिकी डलर	४५६ मिलियन अमेरिकी डलर	८१४ मिलियन अमेरिकी डलर	२,५९८ मिलियन अमेरिकी डलर
समावेशी (Inclusive)	महिलाको वा संयुक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा प्रतिशत	१६ प्रतिशत	२० प्रतिशत	३० प्रतिशत	५० प्रतिशत

परिकल्पनाका सम्भाग	सूचकहरू	२०१५ को अवस्था	अल्पकालीन लक्ष्य (५ वर्ष)	मध्यकालीन लक्ष्य (१० वर्ष)	दीर्घकालीन लक्ष्य (२० वर्ष)
	कृषि कार्यक्रमको पहुँचभित्रका कृषक प्रतिशत	१८.२ प्रतिशत	२२ प्रतिशत	२६ प्रतिशत	३२ प्रतिशत
वृद्धि (Growth)	कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनको औसत वृद्धिदर	२.२३ प्रतिशत (*)	४ प्रतिशत	५ प्रतिशत	६ प्रतिशत
जीविकोपार्जन (Livelihood)	कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादन/कृषि श्रमिक	८३५ अमेरिकी डलर	१,०२९ अमेरिकी डलर	१,२६८ अमेरिकी डलर	१,९२६ अमेरिकी डलर
	ग्रामीण क्षेत्रहरूमा गरीबी	२४.३ प्रतिशत	१९ प्रतिशत	१५ प्रतिशत	९ प्रतिशत
खाद्य तथा पोषण सुरक्षा (Food and Nutration Security)	खाद्य जनित गरिबी (**)	२७.६ प्रतिशत	१९ प्रतिशत	१३ प्रतिशत	६ प्रतिशत
	पोषण	पुड्कोपन (stunting) ३७.४ प्रतिशत, कम तौल (underweight) ३०.१ प्रतिशत, सुकेनास (ख्याउटेपना) लागेका जनसङ्ख्या (wasting) को प्रतिशत ११.३, बिएमआई (Body Mass Index) कम भएका महिलाको प्रतिशत १८.१	पुड्कोपन (stunting) २९ प्रतिशत, कम तौल (underweight) हुने २० प्रतिशत, सुकेनास लागेका जनसङ्ख्या (wasting) को प्रतिशत ५, बिएमआई कम भएका महिलाको प्रतिशत १५	पुड्कोपन (stunting) २० प्रतिशत, कम तौल (underweight) हुने १३ प्रतिशत, सुकेनास लागेका जनसङ्ख्या (wasting) को प्रतिशत २, बिएमआई कम भएका महिलाको प्रतिशत १३	पुड्कोपन (stunting) ८ प्रतिशत, कम तौल (underweight) हुने ५ प्रतिशत, सुकेनास लागेका जनसङ्ख्या (wasting) को प्रतिशत १, बिएमआई कम भएका महिलाको प्रतिशत ५

(*) तीन बर्षको अनुपात सन् २०१५/१६ मा अन्त्य

(**) घरधुरी बजेट सर्वेक्षण सन् २०१४/१५, नेपाल जीवनस्तर सर्वेक्षण र बार्षिक घरधुरी सर्वेक्षणका तथ्याङ्कहरू कृषिको कुल गार्हस्थ उत्पादनसँग सहसम्बन्धित (correlated) गरिएको

३.३ रणनीतिक रूपरेखा (STRATEGIC FRAMEWORK)

कृषि विकास रणनीतिको परिकल्पना (Vision) पूर्ण गर्नलाई चार रणनीतिक सम्भागहरूः सुशासन, उत्पादकत्व, नाफामूलक व्यवसायीकरण र प्रतिस्पर्धी क्षमताको माध्यम द्वारा कृषि क्षेत्रको द्रुत विकास गरिने उल्लेख छ । समावेशीकरण (सामाजिक तथा भौगोलिक दुवै) प्रवर्द्धन, प्रतिस्पर्धी क्षमता, दिगोपन (प्राकृतिक स्रोत साधन तथा आर्थिक दुवै), निजी तथा सहकारी क्षेत्रको विकास र बजार पूर्वाधारको सञ्जाल (उदाहरणका लागि कृषि सडक, सङ्कलन केन्द्रहरू, प्याकेजिङ्ग घरहरू, बजार केन्द्रहरू), सूचनाका पूर्वाधार तथा सूचना सञ्चार प्रविधि, र ऊर्जा पूर्वाधारहरू (उदाहरणका लागि ग्रामीण विद्युतीकरण, नवीकरणीय एवं वैकल्पिक ऊर्जाका स्रोतहरू) मार्फत् विकासलाई अगाडि बढाइने छ । समावेशी, दिगो, बहु-क्षेत्रीय, तथा पूर्वाधार सञ्जाल वृद्धिमार्फत् खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि, गरिबी निवारण, सुदृढ र प्रतिस्पर्धी कृषि व्यापार, ग्रामीण घरपरिवारको उच्च र समतामूलक आय र कृषकका अधिकार सुनिश्चित गर्ने नतिजाहरू कृषि विकास रणनीतिको कार्यान्वयनबाट अपेक्षित छन् । एडिएस को परिकल्पना हासिल गर्नमा सुशासन सम्भवतः एउटा सर्वाधिक महत्त्वपूर्ण सम्भाग हो । यसको प्रभावकारी कार्यान्वयनका लागि कार्यसम्पादन र नतिजामा आधारित सुधारिएको व्यवस्थापन आवश्यक पर्दछ । नतिजामुखी व्यवस्थापन प्रणाली स्थापनाका लागि आवश्यक उपायहरू यही सम्भागभित्र परीक्षणको रूपमा व्यवस्था गरिएको छ ।



चित्र १: कृषि विकास रणनीतिको रणनीतिक रूपरेखा

३.४ एडिएस को कार्यान्वयन अवस्था (IMPLEMENTATION OF THE ADS)

एडिएस को कार्यान्वयन भन्नाले के गर्ने, कसरी गर्ने भन्ने जानकारी लिने र त्यसलाई कार्यान्वयनमा लैजाने भन्ने जनाउँछ । कार्यान्वयन "के गर्ने" भन्दा एडिएस को विषय वस्तु खास गरी परिकल्पना (Vision), उपलब्धिहरू (Outcomes), प्रतिफलहरू (Outputs) र क्रियाकलापहरू (Activities) को कार्यान्वयन भन्ने बुझ्नुपर्दछ । "कसरी" कार्यान्वयन भन्ने पक्ष योजनाअनुसार काम भएको सुनिश्चित गर्न आवश्यक संयन्त्रहरू परिचालित गर्ने भन्ने बुझ्नुपर्दछ । एडिएस अन्तर्गत ४ सम्भागहरू (Components), ३५ प्रतिफलहरू (Outputs), र २३२ ओटा कृयाकलापहरू (Activities) पर्दछन् । एडिएसका प्रतिफल र क्रियाकलापहरूलाई विभिन्न कार्यक्रमहरूमा– आधार कार्यक्रमहरू (Core Porgrams), खास महत्त्वका कार्यक्रमहरू (Flagship Programs) र अन्य कार्यक्रमहरू (Other Programs) मा वर्गीकरण गरिएको छ । आधार कार्यक्रमरू र खास महत्त्वका कार्यक्रमहरू अनुसुची १ मा सूचीकृत गरिएका छन् । अन्य कार्यक्रमहरूमा कृषि भूमीव्यवस्था तथा सहकारी मन्त्रालयद्वारा हाल कार्यान्वयन भइरहेका कार्यक्रमहरू छन् र तिनीहरूलाई आधार कार्यक्रमहरू र खास महत्त्वका कार्यक्रमहरूमा सूचीकृत गरिएको छैन । यी विद्यमान अन्य कार्यक्रमहरूको मूल्याङ्कन गरिने छ र तिनीहरूलाई भविष्यमा आधार कार्यक्रमहरू र खास महत्त्वका कार्यक्रमहरूमा समावेश गर्दै लगिने नीतिगत व्यवस्था कृषि विकास रणनीतिले गरेको छ ।

३.५ आत्मनिर्भर कृषि तथा किसान कल्याणको लागि कृषि विकास रणनीतिमा भएका व्यवस्थाहरु

३.५.१ आत्मनिर्भर कृषिको लागि कृषि विकास रणनीतिमा भएका मुख्य कार्यक्रमहरू

आत्मनिर्भर कृषि प्रणालीको सुदृढिकरण का लागि कृषि विकास रणनीतिमा थुप्रै नीतिगत व्यवस्थाहरु गरिएको छ । यस रणनीतिले कृषि क्षेत्रको विगत तथा वर्तमानका कामहरूको समीक्षामा आधारित रहेर १० वर्षे कार्ययोजना र मार्गचित्रसहित कृषि विकासको समष्टिगत २० वर्षे रणनीतिक योजना प्रस्तुत गर्दछ विशेषगरी यस रणनीतिले खाद्यान्नमा आत्मनिर्भर हुनकालागि सन् २०१५ मा खाद्यान्नमा १६ प्रतिशत व्यापार घाटा रहेको अवस्थालाई सुधार गरी सन् २०२० सम्ममा खाद्यान्न व्यापार घाटालाई शुन्यमा झार्दै सन् २०३५ भित्र ०(५ प्रतिशत अतिरिक्त खाद्यान्न निर्यात व्यापार कायमगर्ने महत्वकाँक्षि लक्ष लिएको छ । यो लक्ष हाँसिल गर्नकालगि एडिएसमा तीन फरक-फरक प्रकारका कार्यक्रमहरू: आधार कार्यक्रमहरू (Core programs), खास महत्त्वका कार्यक्रमहरू (Flagship programs) र अन्य कार्यक्रमहरू (Other programs) को व्यवस्था गरिएको छ । यि कार्यक्रमहरुको विस्तृत कार्ययोजना खाका अनुसुची १ मा राखिएको छ । कृषि विकास रणनीतिले कृषि उत्पादन वृद्धि गर्नका लागि गुणस्तरीय मल, उन्नत वीउ, आधुनीक प्रविधी र कृषि बजार मा कृषकहरुको सहज पँहुच स्थापना गर्ने हेतुले कृषि का कार्यक्रमहरुलाई चारवटा संभागहरु क्रमशः सुशासन, उच्च उत्पादकत्व, नाफामुखी व्यवसायीकरण र प्रतिस्पर्धा बृद्धि मा वर्गिकरण गरी २३२ वटा कृयाकलापहरु तर्जुमा गरेको छ जसको वारेमा अनुसुची १ मा विस्तृतरुपमा उल्लेख गरिएको छ । यसका साथै कृषि विकास रणनीतिले निर्दिष्ट गरेका कार्यक्रमहरु कार्यान्वयन गर्न वित्तिय सुनिश्चितताको लागि एडीएस कार्यान्वयन सहायता कोष (ATF) को स्थापना गर्ने व्यवस्था गरिएको छ । रणनीतिले विशेषगरी विकेन्द्रीकृत कृषि प्रसार सेवा

अन्तर्गत सवै स्थानीय तहका वडा स्तरमा सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना गर्ने, प्रसार तथा परामर्श सेवाका, मल, बीउ, विषादी लगायतका कृषि सामाग्री, कृषि यन्त्र/उपकरण आदी को सहज पहुचकालागि लागि भौचर प्रणालीको स्थापना गर्ने, कृषि अनुसन्धान, शिक्षा र प्रसारबीच त्रिकोणात्मक सम्बन्धको स्थापना गर्ने, प्रजनन र मूल बीउ (foundation seed) उत्पादन गर्नका लागि बीउविजन अनुसन्धान केन्द्रहरूको क्षमता अभिवृद्धि गर्ने, मोहियानी तथा भूमिमाथि द्वैध स्वामित्वको समस्या समाधान गर्न भूमि न्यायाधीकरणको स्थापना गर्ने, जग्गा विखण्डीकरणलाई निरुत्साहित गरी चक्लाबन्दि गर्न राष्ट्रिय भूमि करार निगम आयोजनाको परीक्षण गर्ने कृषि व्यापार सञ्चालनलाई प्रवर्द्धन गर्न करार कृषि ऐन लागू गर्ने, विस्तारित तथा सुधारिएको सिँचाइ प्रणालीको विकास गर्ने, रणनीतिक महत्वका वाली वस्तुहरुको मुल्यश्रृंखला सुदृढिकरण गर्ने लगायतका थुप्रै महत्वपूर्ण कार्यक्रमहरु पहिचान गरी नेपालको कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउने दिर्घकालीन योजनाको व्यवस्था गरेको छ ।

३.५.१.१ आधार कार्यक्रमहरू (Core programs)

आधार कार्यक्रमहरू प्रायः मन्त्रालय वा विभागीय स्तरका निकायहरूमा पहिलेदेखि कार्यरत निकाय मार्फत् कार्यान्वयन गरिन्छन् । खास महत्वका कार्यक्रमहरू नव प्रवर्तित एवं तिनका गतिविधिहरू बहु-क्षेत्रीय प्रकृतिका हुने हुनाले तिनको सञ्चालनका लागि छुट्टै संरचनाहरू आवश्यक पर्दछन् ।

३.५.१.२ खास महत्त्वका कार्यक्रमहरू (FLAGSHIP PROGRAMS)

एडिएसले केही प्राथमिकतामा परेका राष्ट्रिय कार्यक्रमहरूको परिकल्पना गर्दछ, जसको वरपर प्रशस्त सहमति, स्रोत र साधन तथा प्रभावकारी व्यवस्थापन परिचालन हुन सकोस् । यी प्राथमिकताभित्र परेका राष्ट्रिय कार्यक्रमहरूलाई 'एडिएस खास महत्त्वका कार्यक्रम' भनिने छ । एडिएस का खास महत्त्वका कार्यक्रमहरू यस प्रकार छन् :

(क) खाद्य तथा पोषण सुरक्षा कार्यक्रम (खापोसुका)

(ख) विकेन्द्रित विज्ञान, प्रविधि तथा शिक्षा कार्यक्रम (विप्रशिका)

(ग) मूल्य शृङ्खला विकास कार्यक्रम (मूशृविका)

(घ) नव प्रवर्तन तथा कृषि-उद्यमशीलता कार्यक्रम (नकृउका)

३.५.१.३ अन्य कार्यक्रमहरू (Other programs)

अन्य कार्यक्रमभित्र ती कार्यक्रम पर्दछन्; जुन हाल कार्यान्वयन गरिंदै आएका भए पनि प्रस्ताव गरिएका खास महत्वका कार्यक्रम र आधार कार्यक्रम भित्र पर्दैनन् । अन्ततोगत्वा एडिएसले खास महत्वका र आधार कार्यक्रम गरी दुई प्रकारका कार्यक्रम मात्र समावेश गर्ने गर्दछ । हाल सञ्चालनमा रहेका अन्य कार्यक्रमहरूलाई आवधिक मूल्याङ्कनको आधारमा नयाँ खास महत्वका वा केन्द्रीय कार्यक्रमको रूपमा समावेश गर्दै लगिने छ ।

३.५.२ किसान कल्याणको लागि कृषि विकास रणनीतिमा भएका व्यवस्थाहरु

३.५.२.१ कृषक अधिकारको सुदृढिकरण

एडिएसले रणनीतिको योजना गर्न, निर्णय लिन, कार्यान्यवन गर्न र निरीक्षण गर्नका निम्ति कृषकको सहभागिता सुनिश्चित गर्न संस्थागत प्रक्रिया उपलब्ध गराएको छ । एडिएसले विशेष गरी कृषकका प्रतिनिधिहरू यसको केन्द्रीय र स्थानीय तहका महत्त्वपूर्ण समन्वयात्मक प्रक्रियाका हिस्सा हुन् भन्ने कुराको सुनिश्चित गराउँछ; जस्तैः उनीहरू एडिएस को कार्यान्वयन समितिका सञ्चालक सदस्य हुन्, उनीहरू नेपाल कृषि अनुसन्धान परिषद्को बोर्डमा छन्, उनीहरू लगभग चार हजार गाविसमा रहेका सामुदायिक कृषि प्रसार सेवाकेन्द्रको बोर्डमा छन्, उनीहरू कृषि व्यावसायिक कृषि गठबन्धनको र मूल्य शृङ्खला विकास संगठनका सदस्य छन्, कृषि क्षेत्रका लागि नीति तर्जुमा गर्दा र योजना प्रतिपादन गर्दा उनीहरूको सल्लाह लिइन्छ, उनीहरूलाई कृषि क्षेत्रको अनुगमन गर्दा पनि सल्लाह लिइन्छ । उनीहरू जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा सञ्जालका सदस्य पनि हुन् । यी सब संस्थाहरूमा कृषकहरूको प्रतिनिधि हुँदा उनीहरू एडिएस मा आफ्नो अधिकार सुनिश्चित गर्न र सबल बनाउन योग्य रहने छन् ।

३.५.२.२ खाद्य अधिकारको प्रवर्द्धन

खाद्य अधिकार र खाद्य सम्प्रभुता नेपालको संविधानमा स्थापना भएका छन् । एडिएसले नेपालको संविधान २०७२ को सिद्धान्तमा रहेर खाद्य अधिकार र खाद्य स्वतन्त्रतासँग सम्बन्धित विधानहरूको प्रतिपादन गर्दछ । “आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने, खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य सम्प्रभुताउन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र" कृषि विकास रणनीतिको परिकल्पना हो । नेपालको संविधानको धारा ३६ ले खाद्य सम्प्रभुतालाई खाद्य अधिकार अथवा पर्याप्त खाद्य अधिकारको रुपमा हेरेको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि कानुन तर्जुमा एवं सो को प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवद्धता एडिएसमा गरिएको छ । । अन्तर्राष्ट्रिय व्यापारलाई निशेष नगर्ने सर्तमा एडिएस यो सिद्धान्त अनुकूल छ र यसको अनुगमन एडिएस कार्यान्वयनको चरणमा गरिने छ ।

३.५.२.३ किसान आयोगको स्थापना

एडिएसमा किसानको हक अधिकार प्रवर्द्धन गर्ने संयन्त्र विकासका लागि किसान आयोगको स्थापना गर्ने व्यवस्था गरिएको छ । कृषकको हक अधिकारको प्रवर्द्धन गर्नका लागि एडिएसले उच्च स्तरीय पूर्ण अधिकार सम्पन्न तथा स्थायी खालको किसान आयोग स्थापनालाई प्रवर्द्धन गर्दछ । एडिएस कार्यान्वयनको प्राथमिक चरणमा किसान आयोगको विशिष्ट सन्दर्भ सर्तहरू (TOR), संरचना र नियमावली निर्धारण गरिने छ । यद्यपि कृषकका अधिकारहरू संविधान र कानुन अन्तर्गत मात्रै सुरक्षित गरिन्छन् तर एडिएसले प्रभावकारी ढङ्गले कृषक अधिकारका बारेमा बुझन अध्ययनहरू सञ्चालन गर्ने छ; जसको आधारमा नेपाल सरकारले ठोस प्रस्ताव तर्जुमा गर्न सक्ने छ ।

३.५.२.४ गरिबी न्यूनीकरणः

कृषिको द्रुत विकास, सुधारिएको शासन, उत्पादकत्वमा वृद्धि, नाफामूलक व्यवसायीकरण र प्रतिस्पर्धात्मकताको वृद्धि गरेर कृषिमा द्रुत विकास हासिल गरिने मार्गचित्र एडिएसमा छ । आर्थिक विकास न्यून गतिमा भइरहँदा कृषि विकास गरिबी घटाउने एउटा शक्तिशाली तरिकाको रूपमा प्राथमिकता दिइएको छ । मर्कामा परेका, गरिब घरपरिवार, निर्वाहमुखी किसान अनि भूमिहीन ग्रामीण घरपरिवारलाई लक्षित बनाई गरिबी न्यूनीकरण गर्ने उपायको सुनिश्चितता एडिएसले गरेको छ । यसका लागि एडिएसले व्यवसायीकरणमा न्यून पहुँच भएका प्राथमिकता दिइएका मूल्य शृङ्खलाका लागि बजार अनुकूलन गर्छ र मर्कामा परेकाहरूलाई समावेश गर्दै लघु तथा साना कृषि उद्यमको प्रचार गर्छ ।

३.५.२.४ अति विपन्न वर्गको उन्नत खाद्य तथा पोषण सुरक्षा

अति विपन्न वर्गको उन्नत खाद्य तथा पोषण सुरक्षा सम्बन्धि क्रियाकलापहरू एक खास महत्त्वको कार्यक्रम अन्तर्गत संगठित गरिएको छ जसलाई खाद्य तथा पोषण सुरक्षा कार्यक्रमका रूपमा जनाइएको छ । यो कार्यक्रमभित्र अन्य तीन सहायक कार्यक्रमहरू छन् : हाल भूमण्डलीय कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको भागको रूपमा कार्यान्वयन गरिँदै आएको कृषि तथा खाद्य सुरक्षा आयोजना, खाद्य कृषि संगठनको सहयोगमा तयार पारिएको खाद्य तथा पोषण सुरक्षा कार्यक्रम, बहुक्षेत्र पोषण कार्यक्रम र खाद्य पोषण सुरक्षा कार्यक्रमको सहयोगार्थ डिजाइन र कार्यान्वयन गरिने नयाँ लक्षित राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा आयोजना । हाल भएका र आयोजना गरिने समान कार्यक्रमहरूसँग अधिकतम तालमेल मिलाउन र अझ राम्रोसँग लक्ष्य निर्धारण गर्न बहुक्षेत्र पोषण योजनासँग समन्वय राख्नु अत्यावश्यक हुने छ ।

३.५.२.५ भूमिमाथि महिलाको अधिकार

भूमिमाथि महिलाको अधिकार सम्बन्धी जनचेतना जगाउन कृषि विकास रणनीतिले महिला तथा वहिष्कृत समूहहरूसँग संवाद गर्नका निमित्त कानुनी शिक्षा तथा लैङ्गिक समानता र सामाजिक समावेशिता उन्मुख संयन्त्रहरूलाई टेवा दिने छ । ती संयन्त्रहरूमा संयुक्त स्वामित्व, महिलाको नाममा सम्पत्ति दर्ता गरेमा कर छुट नीति, महिलाको लागि समान पैतृक सम्पत्तिमाथि अधिकार आदि पर्दछन् ।

३.५.२.६ आनुवांशिक रूपमा परिवर्तित जीवको नियमन

जैविक विविधता, आनुवंशिक संसाधनको र मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक प्रभावबाट बच्न अनुसन्धानका लागि बाहेक आनुवांशिक रूपमा परिवर्तित जीव (Genetically Modified Oraganism) (बीउ, बालीहरू, पशुपन्छी) निर्यात, उत्पादन र प्रयोगमा रोक लगाउने ।

३.५.२.७ वैदेशिक लगानी प्रवर्द्धन

लगानीको वातावरण सुधारमा योगदान पुऱ्याउन, प्रत्यक्ष वैदेशिक लगानीलाई सहजीकरण एवं नियमन गर्न र कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धन एवं आकर्षण गर्न एडिएस ले उद्योग मन्त्रालय र नेपाल लगानी बोर्डसँग निकटमा रहेर काम गर्ने छ । कृषिमा प्रत्यक्ष वैदेशिक लगानी ल्याउनका लागि उपयुक्त नियमहरू तर्जुमाका निमित्त पाठ सिक्न तथा सुझाव प्राप्त गर्न नेपाल र एसियाका अन्य देशहरूको कृषिमा प्रत्यक्ष वैदेशिक लगानीमाथि एक अध्ययन गर्ने छ । कृषि र कृषि व्यवसायहरूमा वैदेशिक लगानीलाई सुविधाहरू दिई लगानी प्रवर्द्धन गर्ने लगानी ऐनहरू र नियमनहरू अनुमोदन गर्ने छ । घरेलु कृषकहरूको अधिकारलाई सुनिश्चित गर्न एडिएसले **प्राथमिक उत्पादन गतिविधिहरूका लागि वैदेशिक प्रत्यक्ष लगानी खुल्ला गर्ने छैन** ।

३.५.२.८ बीउको माग र आपूर्तिबारे सूचना प्रणाली स्थापना

यसमा जनताको पहुँचमा रहेको अद्यावधिक डाटाबेस हुन्छ; जसमा नर्सरीहरू बीउ उत्पादन केन्द्रहरू र अनुसन्धान केन्द्रहरूको बारेमा र बीउ उत्पादन र मुख्य बालीहरूको बीउको भण्डारका बारेमा समयोचित जानकारी हुन्छ । यो डाटाबेसले बाली र क्षेत्रको आधारमा अपेक्षित माग र आपूतिकर्ताहरू र निरीक्षणहरूका बारेमा पनि जानकारी दिन्छ । महिला, दलित, जनजाति/आदिवासी र मधेसी किसानहरूलाई पनि सजिलै जानकारी उपलब्ध हुने कुरा सुनिश्चित गर्दछ ।

३.५.२.९ जलवायु परिवर्तन, विपद् व्यवस्थापन र समानुकूलन (resilience)

कृषि खाद्य र पोषण सुरक्षामा पर्ने जलवायु परिवर्तनका जोखिमहरूलाई व्यवस्थापन गर्नका लागि पूर्व चेतावनी प्रणाली स्थापना गरी पूर्व चेतावनी सूचनाको अनुसरण गर्ने । कृषकहरूलाई सूचना प्रदान गर्ने ढाँचामा जलवायु सूचना र मौसम सूचकाङ्क प्रणाली स्थापना गर्ने । यस अन्तर्गत स्थानीय स्तरमा मौसम जोखिम सूचकाङ्क प्रदान गर्न जलवायु तथा मौसम विभागको क्षमता अभिवृद्धि र मौसम सूचकाङ्कका आधारमा फसल उत्पादनको भविष्यवाणी गर्ने क्षमतामा अभिवृद्धि पर्दछन् ।

३.५.२.१० कृषक कल्याणकारी कोष स्थापना

कृषक कल्याणकारी कोष सुरु गर्ने; जसले सङ्कटमा परेका कृषकहरूलाई वित्तीय स्रोतहरूमा पहुँच दिन सहयोग प्रदान गर्छ । यस कोषलाई सामुदायिक कृषि प्रसार सेवा केन्द्रमा जोड्न सकिन्छ । यो केन्द्रीय र स्थानीय सरकारको आर्थिक सहयोगबाट प्रारम्भिक बीउ कोष प्राप्त गरेपछि सदस्यहरूबाट थपथाप हुने खालको घुम्ती कोष हुन सक्छ । कृषि बिमाको सुरक्षा नपुगेका कृषकहरू र ग्रामीण क्षेत्रहरूलाई प्रभाव पार्ने खडेरी, बाढी, महामारी, आकस्मिक सङ्कटहरूलाई व्यवस्थापन गर्न पूर्व तयारी र प्रतिकार्यका लागि एक कोष खडा गर्ने ।

३.५.२.११ कृषि बिमाको प्रवर्द्धन

कृषि बिमाको विकासलाई प्रवर्द्धन गर्ने ताकि कृषकहरूको काबु वाहिरको परिस्थितीबाट कृषि व्यवसायमा हुनसक्ने सम्भाव्य क्षतीको जोखीमको सहज व्यवस्थापन भई सम्भाव्य बाली, पशुपालन र मत्स्य उत्पादनहरूमा उनीहरुको पहुँच अभिवृद्धि होस ।

३.५.२.१२ खाद्य / बीउ र दाना/घाँसपात भण्डारण प्रणाली सुदृढिकरण

आकस्मिक सङ्कटलाई व्यवस्थापन गर्न र लक्षित कृषक घरधुरीलाई खाद्य सुरक्षा वितरण गर्न खाद्य भण्डारण प्रणालीलाई सबल तुल्याउने व्यवस्था कृषि विकास रणनीतिमा गरिएको छ । तराईमा बाढी र उच्च हिमाली क्षेत्रहरूमा भारी हिमपात जस्ता प्राकृतिक विपद्हरूलाई व्यवस्थापन गर्न बीउ र दाना/घाँसपात भण्डारण प्रणालीलाई सबल तुल्याउने । सामुदायिक कृषि सेवाकेन्द्र सँगको समन्वयनमा गाविस स्तरमा समुदाय व्यवस्थित बीउ बैंकलाई प्रवर्द्धन गर्ने ।

३.५.२.१३ कृषि बजार सूचना प्रणाली

साना किसानहरू, व्यापारीहरू र उद्यमीहरूको बजार जानकारी र सूचनाको प्रणालीमा सहज पहुँच हुनुपर्छ । यसमा एडिएसले समन्वय गर्ने कार्यक्रमको तयारी तथा कार्यान्वयन संलग्न हुन सक्छ । यो कार्यक्रममा मोबाइल र इन्टरनेट सञ्चार प्रविधिहरू प्रयोग गरी व्यावसायिक रूपमा सम्भाव्य बजार सूचना सम्बन्धी उत्पादनहरू र सेवाहरू स्थापना गर्नका लागि निजी क्षेत्र, उद्योग संगठनहरू र/वा गैर सरकारी संस्थाहरू सुरु गर्नका लागि आर्थिक व्यवस्थापन (उदाहरणको लागि पूरक अनुदानबाट) गरिदिने व्यवस्था समावेश हुन सक्छ । यी उत्पादनहरू र सेवाहरू थोक बजार अधिकारी र सूचना सञ्चार प्रविधि प्रणाली प्रदायकको समूहले विकास एवं व्यवस्थापन गर्न सक्छ ।

३.५.२.१४ दिगो खेती असल कृषि अभ्यासहरू र असल पशु चिकित्सा तथा पशुपालन अभ्यासहरू

सामाजिक तथा आर्थिक र कृषि पर्यावरणीय अवस्थाहरूलाई सुहाउँदो तथा सरकारी र निजी क्षेत्रको अन्तर्क्रिया मार्फत् अन्तर्राष्ट्रिय सहयोगको मापदण्डसँग तुलनायोग्य असल कृषि, निर्माण र पशु चिकित्सा तथा पशुपालन सम्बन्धी अभ्यासहरूको मापदण्डहरू तर्जुमा गर्ने । असल अभ्यास सम्बन्धी मापदण्डहरू र हरित प्रविधिहरूको प्रवर्द्धन र अनुसरणका लागि निजी क्षेत्रसँग प्रसार कार्यक्रमहरू सञ्चालन गर्ने र यसमा निम्न कुराहरू संलग्न छन् :

क) एकीकृत माटो उर्वरता व्यवस्थापन,

ख) एकीकृत बिरुवा पोषक तत्त्वहरूको व्यवस्थापन,

ग) एकीकृत शत्रुजीव व्यवस्थापन

घ) जैविक ग्याँस र जैविक तत्त्वको उपयोगमा आधारित नवीकरणीय ऊर्जाहरू ।

ङ) जैविक खेती

च) फार्म सरसफाइ र स्वस्थ्य असल अभ्यासहरू

छ) बालीनालीमा हानिकारक रसायनहरूको प्रयोग रोक्ने अभ्यासहरू र पशुपालन उत्पादन प्रक्रियामा एन्टिवायोटिक्सको प्रयोगमा नियमन

३.६ कृषि विकास रणनीतिले प्रस्ताव गरे अनुसारको साँगठनिक संरचनाहरु

एडिएस को कार्यान्वयनले विद्यमान संयन्त्रहरू र नयाँ संयन्त्रहरूको सम्मिश्रणहरूलाई समेट्छ । कृषि क्षेत्रका लागि रणनीतिहरू र योजनाहरू कार्यान्वयन गर्ने परम्परागत तरिकामा एउटा संस्थागत संरचना परिकल्पना गरिएको छ, जहाँ राष्ट्रिय योजना आयोगले समष्टिगत रूपमा नीतिगत संयोजनको कार्य गर्दछ, कृषि विकास मन्त्रालयले कृषिसम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्नमा नेतृत्व बहन गर्दछ । सम्बन्धित अन्य निकायहरूले कार्यान्वयनमा सघाउने छन् । उदाहरणका लागि सिँचाइ विभागले सिँचाइ विकासको नेतृत्व गर्दछ भने स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले कृषि सडकहरूको नेतृत्व गर्दछ । वन विभाग र भू–संरक्षण तथा जलाधार व्यवस्थापन विभागले जङ्गल क्षेत्रको जमिनको संरक्षण तथा संवर्द्धनको नेतृत्व गर्दछन् । कृषि विभाग र पशु सेवा विभागले कृषि तथा पशुपालन विस्तारको नेतृत्व गर्दछन् । नेपाल कृषि अनुसन्धान परिषद्ले कृषिसम्बन्धी अनुसन्धानको नेतृत्व गर्दछ ।
परम्परागत संयन्त्रहरूले भविष्यका लागि उपयोगी पाठ दिनुका साथै दिशावोध पनि गर्दछन् । स्पष्टतः राष्ट्रिय योजना आयोग, कृषि विकास मन्त्रालय तथा अन्य सम्बद्ध निकायहरूले एडिएस मा एउटा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ र यो भूमिका मान्यताप्राप्त एवं सुदृढ हुनुपर्छ । तसर्थ, परम्परागत सक्रिय संयन्त्रहरू पनि आफ्नो कार्यान्वयन क्षमतामा सुधार गर्दै मुख्य सरोकारवालाहरू (कृषकहरू, सहकारीहरू, र निजी क्षेत्र) लाई कृषि विकासको प्रकृयामा साझेदारको रूपमा अगाडि वढाउनुपर्ने हुन्छ । अझै भन्नुपर्दा नेपालमा कृषि नीतिहरू र कार्यक्रमहरू कार्यान्वयन गर्ने परम्परागत तरिकाले तीब्र गतिको वृद्धि र गरिबी न्यूनीकरण गर्ने अपेक्षित नतिजा दिन सकेको छैन ।

३.६.१ एडिएस कार्यान्वयनका लागि सार्वजनिक सेवा प्रणालीलाई प्रभावकारी बनाउन कृषि विकास मन्त्रालय र विभाग स्तरको संगठनात्मक सुधार :

बहुक्षेत्रीय विकास रणनीतिको रूपमा एडिएस लाई राष्ट्रिय र स्थानीय स्तरमा समन्वय र कार्यान्वयनलाई सहजीकरण गर्नका लागि पर्याप्त संयन्त्रको आवश्यकता पर्दछ । राष्ट्रिय एडिएस कार्यान्वयन समिति, राष्ट्रिय एडिएस समन्वय समिति, एडिएस ट्रस्ट कोष र खास महत्त्वका कार्यक्रमहरू लगायतका थुप्रै संयन्त्रहरूका बारेमा विस्तृतरुपमा अनुसूची २ मा उल्लेख गरिएको छ । कृषि विकास मन्त्रालय र यसका विभागहरूका सन्दर्भमा यहाँ एडिएस को कार्यान्वयनका लागि आवश्यक संगठनात्मक परिवर्तनहरूको बारेमा विस्तृत चर्चा गरिएको छ । कृषि विकास मन्त्रालय र सम्बन्धित विभागहरूलाई पुनर्संरचना गर्नुको मार्ग निर्देशक सिद्धान्त भनेको एडिएस को कार्यान्वयनमा प्रभावकारितालाई सुधार गर्नु हो । कृविम नीति निर्माण, समग्र समन्वय र योजना, कानुनी ढाँचाको विकास, बजेट विनियोजन, अन्तर्राष्ट्रिय र क्षेत्रीय प्रतिवद्धताहरूको अवलम्बनको सुनिश्चितता, व्यापार प्रवर्द्धन र कृषि क्षेत्रका समग्र अनुगमन र मूल्याङ्कनप्रति

जिम्मेवार छ । विभागहरू चाहिँ सम्बन्धित उपक्षेत्रीय कार्यक्रमहरूको कार्यान्वयन एवं प्राविधिक पुर्नबलीकरणप्रति जिम्मेवार छन् ।

एडिएस मा प्रस्तावित कृविम को पुर्नसंरचनामा निम्न कुराहरू संलग्न छन्:

क) नीति र अन्तर्राष्ट्रिय सहकार्य तथा समन्वय महाशाखा स्थापना गर्ने ;

ख) कृषि व्यापार महाशाखा स्थापना गर्ने ;

ग) एडिएस कार्यान्वयन सहयोग इकाई- नीति र अन्तर्राष्ट्रिय सहकार्य तथा समन्वय महाशाखा खडा गर्ने ;

घ) बागवानी विकास विभागको स्थापनाका लागि बृहत् अध्ययन गर्ने ।

ङ) नार्डेफ लाई नार्कमा मर्ज गर्ने ।

च) सवै गा.वि.स.मा सामूदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना गर्ने

३.६.२ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मा निम्न बमोजिमको परिवर्तन गर्नेः

(क) National Food Autorirty को स्थापना गर्ने ।

(ख) पाँचै विकास क्षेत्रहरूमा खाद्य गुण नियन्त्रण क्षेत्रीय प्रयोगशालाहरू स्थापना गर्ने,

(ग) सबै जिल्लाहरूमा खाद्य गुण नियमन कार्यालयहरू स्थापना गर्ने ।

३.६.३ कृषि तथा वन विज्ञान विश्वविद्यालय र कृषि कलेजहरूका लागि एडिएस ले निम्न सुझावहरू दिन्छः

(१) सम्भाव्य जिल्लाहरूमा कृषि/पशु विज्ञान कलेजहरूको स्थापना गर्ने,

(२) कृषि तथा वन विश्वविद्यालयमा प्रविधि प्रसार विभाग स्थापना गर्ने ।

(३) कृषि तथा वन विश्वविद्यालयमा कृषि व्यवसाय विभाग स्थापना गर्ने ।

३.६.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

पाठ्यक्रम सुधार तथा प्रशिक्षक प्रशिक्षणका माध्यमबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को क्षमता अभिवृद्धि गर्ने । प्रशिक्षकहरू, व्यावसायिक र जीविकोपार्जन कृषिको आवश्यकताहरूसँग परिचित छन् र तिनीहरूका विशेष समस्याहरू सम्बोधन गर्न प्रशिक्षार्थीहरूलाई अनुसन्धान तथा प्रसारका स्रोतहरूतर्फ बाटो देखाउन सक्षम छन् भनी सुनिश्चित हुने । जन स्वास्थ्य/चिकित्सा शास्त्र अध्ययन संस्थानहरू र कृषि विश्वविद्यालयहरू, कलेजहरू र व्यावसायिक विद्यालयहरूबीचको समन्वयबाट विद्यमान कृषि शिक्षा प्रणालीमा खाद्य तथा पोषण सुरक्षालाई मूलप्रवाहीकरण गर्ने ।

३.६.५ राष्ट्रिय कृषि अनुसन्धान प्रणालीलाई पुनर्संरचना गर्ने ।

राष्ट्रिय कृषि अनुसन्धान प्रणालीलाई विकेन्द्रीकृत गरी कृषकहरू, सहकारीहरू, र कृषि उद्यमहरूका आवश्यकताहरूप्रति अझ बढी संवेदनशील बनाइने छ । नार्कले कुनै पनि अनुसन्धान परियोजना र कार्यक्रम कार्यान्वयन गर्ने छैन । यसले कृषि अनुसन्धान नीतिहरू निर्माण गर्ने, अन्तर्राष्ट्रिय सम्बन्धहरू कायम गर्ने, राष्ट्रिय मापदण्डहरू निर्धारण गर्ने र शैक्षिक संस्थाहरूसँग समन्वय गर्ने जस्ता कार्यहरू गर्ने छ । नार्कले राष्ट्रिय कृषि अनुसन्धान प्रणालीको सर्वोच्च संस्थाका रूपमा कार्य गर्ने छ । यो अनुसन्धान परियोजनाहरूको समन्वय, सहजीकरण, एकीकृत, अनुगमन एवं मूल्याङ्कन गर्ने, अनुसन्धान परियोजनालाई आर्थिक सहायता दिने, मानव संसाधन र प्रशिक्षणको व्यवस्थापन गर्ने र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रूपमा अनुसन्धान सम्बन्धहरूलाई प्रवर्द्धन गर्ने एक नीति निर्माण स्तरको संस्था हुने छ । त्यसै गरी नार्कले कृषकहरू, स्वतन्त्र अनुसन्धान संस्थाहरू र निजी क्षेत्रका अनुसन्धान गतिविधिहरूलाई प्रवर्द्धन गर्ने छ । आधारभूत अनुसन्धान (basic research), दीर्घकालीन रणनैतिक अनुसन्धान (long term strategic research), व्यवहारमुखी अनुसन्धान (applied research) र अनुकूलन सम्बन्धी अनुसन्धानको (adptive research) कार्यान्वयन राष्ट्रिय कृषि अनुसन्धान संस्थानले (NARI) गर्ने छ । कृषि पर्यावरणमा आधारित क्षेत्रीय कृषि अनुसन्धान केन्द्र (RARS) सहकार्यमूलक (collaborative) एवं कार्यमुखी (action) अनुसन्धानका निम्ति जिम्मेवार हुने छन् र गाउँ स्तरमा केवल कार्यमुखी अनुसन्धान मात्र कार्यान्वयन गरिने छ । स्थानीय स्तरका अनुसन्धान गतिविधिहरूको व्यवस्था केन्द्रीय सरकारको मापदण्डहरू अनुसार गरिने छ । नारी र क्षेकृअकेले सामुदायिक कृषि प्रसार सेवाकेन्द्र, सहकारीहरू, कृषि उद्यमहरू जस्ता स्थानीय स्तरका सरोकारवालाहरूलाई टेवा प्रदान गर्ने छ । सरकारी अनुसन्धान संस्थाहरूमा लगानी खाद्य तथा पोषण सुनिश्चितता, खाद्य जस्ता, जैविक सुरक्षा, पर्यावरणीय परिवर्तनका असरलाई न्यूनीकरण, वातावरण एवं जैविक विविधताको संरक्षण र गरिबी घटाउने जस्ता कार्यका लागि गरिने छ । पुनर्संरचानामा निम्न कुराहरू संलग्न हुने छन् :

क) नार्कसँगै राष्ट्रिय कृषि अनुसन्धान कोषको (NARDF) स्थापना,

ख) व्यावसायिक तथा जीविकोपार्जन कृषिका आवश्यकताहरूलाई ध्यानमा राखी एडिएससँग मेल खाने गरी नार्क परिकल्पना २०११-२०३० लाई अन्तिम रूप दिने ।

ग) राष्ट्रिय अनुसन्धान संस्थानहरूको सङ्ख्यामा वृद्धि गर्ने । विद्यमान राष्ट्रिय कृषि अनुसन्धान संस्थान र राष्ट्रिय पशु विज्ञान अनुसन्धान सस्थानका अतिरिक्त राष्ट्रिय बागवानी अनुसन्धान संस्थान राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान संस्थान र राष्ट्रिय जलचर तथा मत्स्य अनुसन्धान संस्थान स्थापना गर्ने

घ) डोटीस्थित कृषि अनुसन्धान केन्द्रलाई सुदूर पश्चिमका क्षेत्रीय कृषि अनुसन्धान केन्द्रमा परिणत गर्ने हालसालैको निर्णयको परिपूरकका रूपमा सुदूर पश्चिम क्षेत्रका विभिन्न कृषि-पर्यावरणीय स्थानहरूमा (उच्च पहाड, मध्य पहाड र तराई) कृषि अनुसन्धान केन्द्रहरू स्थापना गर्ने ।

ङ) विद्यमान अनुसन्धान केन्द्रहरू अन्तर्गत नै तराई, मध्य पहाड र उच्च पहाडी भेगहरूमा कृषि यान्त्रीकरण केन्द्रहरू स्थापना गर्ने ।

च) आसपासमा रही उस्तै खाले गतिविधिहरू सञ्चालन गरिरहेका अनुसन्धान केन्द्रहरू तथा कार्यक्रमहरूलाई एकीकृत गर्ने । यसले प्रशासनिक खर्च र खास गरी दैनिक सञ्चालनमा लाग्ने संसाधनको दोहोरो खर्च घटाउँछ ।

३.७ कृषि विकास रणनीतिमा उल्लेख भएअनुसार कृषि विकास तथा पशुपँक्षी विकास कार्यक्रमहरुको कार्यप्रगती अवस्था

नेपाल सरकारबाट २०७२ श्रावण १० मा स्वीकृत गरिएको कृषि विकास रणनीतिको प्रतिवेदन कृषि विकास मन्त्रालयले आ.व. २०७२।७३ मा प्रारम्भिक र पूर्व तयारीका कार्यहरु सम्पन्न गरि आ.ब.२०७३।७४ को वार्षिक बजेट तथा कार्यक्रम मार्फत पूर्णरुपमा कार्यान्वयनमा ल्याएको देखिन्छ । एडिएस को समग्र प्रभाव अध्ययन गर्दा विस्तारित खाद्य तथा पोषण सुरक्षा, गरिबी न्यूनीकरण, प्रतिस्पर्धात्मकता, घरधुरीको उच्च र उचित आम्दानी अनि किसानको अधिकारको सुनिश्चितता गरी पाँच प्रकारका अपेक्षीत प्रतिफलहरु (Outcomes) लाई आधार मान्नु पर्ने हुन्छ । जसका सूचकहरू समेत पहिचान गरी तालिका १ मा उल्लेख गरिएको छ । तर कार्यान्वयनमा आएको यति छोटो अवधिमै रणनीतिको प्रभावकारीता अध्ययन गर्ने कार्य चुनौतीपूर्ण नै हो । किनकी कार्यान्वयनमा आएको दुई तीन वर्षमा जुनसुकै दीर्घकालीन नीतिको पनी कार्यान्वयन प्रभावकारीता मापन गर्न जनस्तर/फिल्डमा यथेष्ट उपलब्धिहरु देखापरि सकेका हुदैनन् । तथापी यो अध्ययन प्रतिवेदन तयार पारुन्जेलसम्म नेपाल सरकारका विषयगत मन्त्रालय, विभाग, आयोग, कार्यालय एवं निकायहरुबाट कृषि विकास रणनीति कार्यान्वयन सम्बधमा भए गरेका प्रयास, उपलब्धि एवं समस्याहरुलाई संक्षिप्तमा विश्लेषण गरिएको छ ।

तालिका २: एडिएस प्रभावका सूचकहरू

प्रभाव	सूचक
खाद्य तथा पोषणको सुरक्षा	• ५ वर्ष मुनिका बच्चाहरूमा (उमेर अनुसारको अग्लाइ अनुसार) पुड्कोपन • ५ वर्ष मुनिका बच्चाहरूमा (उमेर अनुसारको तौल अनुसार) कम तौल • ५ वर्ष मुनिका बच्चाहरूमा (उमेर अनुसारको अग्लाइ अनुसार) ख्याउटेपन • प्रजनन उमेरका महिलामा शक्ति अल्पताको अधिकता (विएमआई को नाप अनुसार)
गरिबी न्यूनीकरण	• ग्रामीण गरिबीको साझेदारी
प्रतिस्पर्धात्मकता	• कृषि व्यापारमा सन्तुलन
उच्च र उचित आम्दानी	• प्रतिव्यक्ति आय • गिनी गुणाङ्क
कृषकहरूको अधिकारको सुनिश्चितता र मजबुदीकरण	• खाद्य तथा खाद्य सार्वभौमिकताको कानुन • एडिएस मुख्य समितिमा किसान प्रमुखहरूको प्रतिनिधित्व • किसानको अधिकारको कानुन, किसानको समिति

३.७.१ खाद्य तथा पोषण सुरक्षा

प्राकृतिक प्रकोप, जलवायू परिवर्तन एवं सडक् सन्जालको कमीले पहाडी तथा हिमाली जिल्ला हरुमा खाद्य असुरक्षाको जोखिम रहेको छ । कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालयको तथ्यांकलाई हेर्दा पनि ३० देखि ३५ जील्लाहरुलाई आफ्नो खाद्य उत्पादन्ले धान्न नसकिरहेको अवस्था छ । नेपालमा पाँच वर्ष मुनिका वालवालिका तथा प्रजनन् उमेरका आमाहरु पोषण अवस्था सुधारोन्मुख हूदै गएतापनि उल्लेखनिय प्रगति हुन सकिरकेको छैन । मुख्यतया पोषणका विभिन्न सूचकहरुमध्य वालवालिकाहरुमा उमेर अनुसारको उचाई नभएकाले यसको प्रतिशत बढि छ । नेपालमा पाँच वर्ष मूनीका ३६ प्रतिशत वालवालीका उमेर अनुसार उचाईका आधारमा, २७ प्रतिशत उमेर अनुसार तौलका आधारमा कुपोषीत रहेका छन् । (नेपाल जनसाङिखक तथा स्वास्थय सर्वैक्षण, २०१६)। यसका साथै महिलाहरुमा अधिक पोषण तथा न्यूनपोषको दोहोरो मार समेत परेको छ । करीब ११ प्रतिशत महिलाहरुमा मोटोपन को समस्या देखिएको छ भने १८ प्रतिशत महिलामा न्यून पोषण को समस्या देखिएको छ । यसलाई सम्बोधन गर्न बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा रहदै आएको छ । कृषि विकास रणनीतिले पनि बहुक्षेत्रीय पोषण योजना लाई सहयोग पुर्याउनेगरी खाद्य तथा पोषण सुरक्षा कार्यक्रमहरु तर्जमुमा गरि कार्यान्वयनमा ल्याएको छ ।

एडिएस का सम्पूर्ण कार्यक्रमहरूले प्रत्यक्ष वा परोक्ष रूपमा खाद्य तथा पोषण सुरक्षामा योगदान गर्दै आएका छन् । विशेषगरी साविकका मध्य तथा सुदुर पश्चिम (हाल कर्णाली र प्रदेश ७) का १९ जील्लाका पिछडीएको क्षेत्रका विपन्न, सुत्केरी तथा गर्भवती महिला, जनजाति, दलित, अल्पसंख्यक समूदायको खाद्य तथा पोषण सुरक्षाको आवश्यकतालाई सम्बोधन गर्न सन्चालित कृषि तथा खाद्य सुरक्षा आयोजना (AFSP), को कृषि विकास मन्त्रालयले सफलतापुर्ण कार्यान्वयन सम्पन्न गरेको छ । त्यसैगरी नेपाल सरकारले आ.ब. २०१८।१९ बाट Global Agricultue and Food Security Program (GAFSP) को आर्थिक सहयोगमा Food and Nutrition Security Enthancement Project (FANUSEP) आगामी ५ वर्षको लागी फेरी दोश्रो चरण कार्यान्वयनमा लैजादै छ । दोश्रो चरणमा भुकम्प प्रभावित पहाडका ४ जील्लाहरु गोरखा, धादिङ, सिन्धुपाल्चोक, दोलखा, र वाढी एवं शितलहर प्रभावित तराईका ४ जील्लाहरु सिराहा, सप्तरी, धनुषा, महोतरी गरी प्रदेश १, २ र ३ मा कार्यान्वयन हुने छ । कृषि विकास मन्त्रालयले खाद्य तथा पोषण सुरक्षा फल्यागसिप कार्यक्रम सन्चालनको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका उपमहानिर्देशक लाई फल्यागसिप मेनेजरको जिम्मेवारी तोकेको छ । तर फल्यागसिप मेनेजर र सदस्यहरुको दोहोरो जिम्मेवारी रहेका कारण खाद्य तथा पोषण सुरक्षा फल्यागसिप कार्यक्रमले अपेक्षाकृत ढंगले प्रगती गर्न सकेको देखिदैन ।

कृषि, पशुपंछी, भूषि व्यवस्था तथा सहकारी क्षेत्र रूपान्तरणको मार्गचित्र २०७५ ले प्रमुख खाद्य वस्तुहरुको परनिर्भरताको कारण मुलुकले व्यहोरिरहेको समस्यालाई दृष्टिगत गर्दै खाद्य सुरक्षाका रणनीतिक महत्वका वालीहरु जस्तै धान, मकै, गहुँ, आदीमा आत्मनिर्भरता हाँसिल गर्न ठुला सिंचाई आयोजनाहरुको कमाण्ड क्षेत्र भित्र सघन कृषि विकास कार्यक्रम सन्चालन गर्ने व्यवस्था गरेको छ । विगतमा अधिकांश मध्य पहाडी र उच्च पहाडी क्षेत्रको खाद्य

तथा पोषण सुरक्षाको प्रमुख आधारको रुपमा रहेका तर हाल निकै कम खेती गरीने कोदो, जौ, उवा, फापर चिनो, कागुनो,लटटे आदी स्थानीय वालीहरुको प्रवर्द्धन गर्न विशेष कार्यक्रम सन्चालन गर्ने व्यवस्था गरेको छ ।

ग्रामिण क्षेत्रमा रहेका करिव ६५% कृषि पेशामा सम्लग्न कृषकहरुको उन्नत प्रविधि मार्फत उत्पादन तथा उत्पादकत्व बृद्धि गरी कृषकहरुको जीवनस्तर उकास्ने कार्यमा सहयोग पुऱ्याउने लक्ष्य लिएको यस रणनीतिको कार्यान्वयनको सन्दर्भमा जिल्लामा खाद्यान्न वाली, वागवानी वाली, वाली संरक्षण, व्यावसायिक कीट विकास, सहकारी खेती, साना सिंचाई तथा बजार विकास सम्बन्धि विविध कार्यक्रमहरु सञ्चालन हुदै आएका छन् । त्यसै गरि पशुपन्क्षि तर्फ पशुरोग निदान, नश्ल सुधार, कुखुरा पालन, भेडा/वाखा पालन, डेरी, आदी कार्यक्रमहरु सञ्चालन हुदै आएका छन् । जिल्लामा सन्चालन हुने कार्यक्रमहरु निक्षेपित कृषि प्रसार कार्यक्रम र केन्द्रिय स्तरका कार्यक्रम गरी दुई खालका कार्यक्रमहरु सन्चालन हुदै आएको देखिन्छ । निक्षेपित कृषि प्रसार कार्यक्रम जिल्ला कृषि विकास कार्यालयहरुबाट परम्परागतरुपमा सालवसाली संचालन हुदै आएकोमा स्थानिय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ को मर्म र भावना अनुरुप आ.व.२०५९/६० देखि स्थानिय स्तरमा निक्षेपण भई जिल्ला कृषि विकास कार्यालय मार्फत कार्यान्वयन हुदै आएको छ । यस कार्यक्रम अन्तर्गत पकेट प्याकेज कार्यक्रम, लक्षित बर्ग बिशेष कार्यक्रम र साधारण कृषि प्रसार कार्यक्रम ३ किसिमका कार्यक्रमहरु संचालन हुदै आएका छन् ।

१. पकेट प्याकेज कार्यक्रम

२० बर्षे दिर्घकालिन कृषि योजना को मर्म र भावना अनुरुप जिल्लाको भौगोलिक विबिधता तथा बिशिष्टता, स्थानिय संभाब्यता र प्राथमिकता, उपलब्ध श्रोत साधन र तुलनात्मक लाभका आधारमा बाली बस्तु बिशेषका पकेट क्षेत्रहरु पहिचान गर्नुका साथै निर्धारित पकेट क्षेत्रहरुमा ०५८/५९ देखि पकेट प्याकेज कार्यक्रमका रुपमा बाली/बस्तु बिशेषका कार्यक्रमहरु आयोजनागत रुपमा संचालन गरी कृषि उत्पादन सामाग्रीहरु (उन्नत कृषि प्रबिधि, गुणस्तर युक्त बीउ/बोटबिरुवा/श्रोत सामाग्री, सिचाई, रासायनिक मल, ग्रामीण बिद्युतिकरण, कृषि सडक, बजार पूर्वाधार आदि) अन्य सम्बन्धित लाइन एजेन्सीहरुसग समन्वय राखी एकिकृत रुपमा आपूर्ति गर्ने गरिएको छ ।

२. लक्षित बर्ग बिशेष कार्यक्रम :

सामाजिक तथा आर्थिकरुपले पिछिडिएका महिला, दलित, जनजाति र बिपन्न बर्गका कृषकहरुलाई लक्षित गरी कार्यक्रम समूह मार्फत संचालनमा रहेको छ ।

३. साधारण कृषि प्रसार कार्यक्रम

बाली बिशेषको पकेट प्याकेज कार्यक्रमले छुन नसकेका क्षेत्र गा.बि.स.हरुमा कृषि प्रसार प्रबिधि सेवा/आयोजना अन्तरगत यो कार्यक्रम संभव भए सम्म जिल्लाभरकालागि सेवा टेवा पुऱ्याउने गरी संचालन गरिन्छ ।

केन्द्रिय स्तरका कार्यक्रम अन्तर्गत सहकारी खेती साना सिचाई तथा मल बीउ ढुवानी कार्याक्रम, साना सिचाई बिशेष कार्यक्रम, सहकारी खेतीमा आधारित साना सिंचाई स्कीम कार्यक्रम, सहकारी खेती स्किम, एकिकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम आदी कार्यक्रमहरु सन्चालन हुदै आएको देखिन्छ ।

विशेष गरी जिल्ला कृषि विकास कार्यालयहरुबाट साना तथा सहकारी सिंचाई कार्यक्रम, सहकारी खेती स्किम कार्यक्रम, कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास कार्यक्रम, बृहत्तर मकै उत्पादन कार्यक्रम आलु, तरकारी, तथा मसला विकास कार्यक्रम/वीउ आलु आत्म निर्भर कार्यक्रम, आलु, तरकारी, तथा मसला विकास कार्यक्रम/बेमौसमी तरकारी उत्पादन पकेट, आलु, तरकारी, तथा मसला विकास कार्यक्रम/अलैंची रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम, अभियानमुखी कोदो उत्पादन कार्यक्रम, चैते धान प्रवर्द्धन कार्यक्रम, मसिना तथा वासनादार धान उत्पादन प्रबर्द्धन कार्यक्रम, व्यवसायीक बीजबृद्धि सहयोग तथा सुदृढिकरण कार्यक्रम, किवी प्रबर्द्धन कार्यक्रम, अनार प्रबर्द्धन कार्यक्रम आदी सन्चालन हुने गरेका छन ।

कृषि विकास रणनीति को कार्यान्वयन प्रभावकारीता अध्ययन को सिलसिलामा दोलखा, सिन्धुली र रुपन्देहि जिल्लामा स्थलगत अध्ययन एवं सरोकारवाला कृषक, व्यवसायी, प्राविधिक अधिकारीहरु संग छलफल गर्दा कृषि विकास रणनीतिको कार्यान्वयन गर्ने उद्देश्यले कुनैपनि कार्यक्रम सन्चालन भएको देखिएन । माथि चर्चा गरिएका कार्यक्रमहरु सालवासाली रुपमा कृषि विकास रणनीति को तर्जुमा अघिदेखि नै सन्चालन हुदै आएका देखिए । चालू आ.व. २०७४/७५ मा नेपालको संविधान २०७२ अनुसार सवै स्थानीय कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण हुने अवधारणा अनुरुप अधिकाँश जिल्ला कृषि/पशु कार्यालयहरुमा वार्षिक कार्यक्रम नगन्य मात्रामा रहेको देखिन्छ । बजेटको ठुलो हिस्सा स्थानीय तहहरुमा निशर्त अनुदानकोरुपमा कृषि विकास मन्त्रालयबाट सोझै गएको देखिन्छ । स्थानीय तहका अधिकाँश पदाधिकारीहरु कृषि विकास रणनीति संग अनविज्ञ रहेको देखिन्छ । एकातिर स्थानीय स्तरमा कृषिको विकासको लागि विनियोजन गरिएको बजेट सडक निर्माण लगायत अन्य गैरकृषि क्षेत्रमा खर्च हुने गरेको देखिन्छ भने अको तर्फ स्थानीय तहमा कृषि विकासको लागि पर्याप्त विज्ञ जनशक्ति पनि देखिदैन । यसबाट कृषि विकास रणनीति को कार्यान्वयनमा झन् अल्मल् हुने मात्र नभई मुलुकको व्यापार घाट थप बढनुका साथै निकट भविष्यमै चरम खाद्य संकटको सामना समेत गर्नुपर्ने टड्कारो अवस्था देखिन्छ ।

३.७.२ गरिबी न्यूनीकरणः

कृषि पेशा अधिकांश नेपालीको जिविकोपार्जन, आम्दानीको मूख्यश्रोत, खाद्य सुरक्षाको आधार स्तम्भ र गरिवी निवारणको प्रमुख क्षेत्रको रुपमा रहेको छ । वदलिदों राजनैतिक सन्दर्भ, कृषि क्षेत्रमा आएको परिवर्तन र यस रणनीतिले श्रृजना गरेको अनुकुलवातावरणले सरकारी, नीजि र सहकारी क्षेत्रहरुलाई लगानी गर्न थप प्रेरित गरेको छ । जोखिममा परेका वर्गहरुको खाद्य तथा पोषण सुरक्षा र कृषिऔद्योगीकरणको माध्यमवाट आर्थिक रुपान्तरण गरी स्वदेशी पूँजी निर्माण गर्ने यस रणनीतिले अग्रणी भुमिक खेल्दै आएको छ । सुधारिएको शासन, उत्पादकत्वमा वृद्धि, नाफामूलक व्यवसायीकरण र प्रतिस्पर्धात्मकताको वृद्धि गरेर मात्र कृषिक्षेत्रमा मा द्रुत विकास हासिल गर्न सकिने तर्फ

यो रणनीतिले मार्गदर्शन गरेको छ । आर्थिक विकास एकदम न्यून गतिमा भइरहँदा कृषि क्षेत्रले गरिबी घटाउने एउटा शक्तिशाली माध्यमको रूपमा प्राथमिकता पाउदै आएको छ । एडिएस यही मुख्य निष्कर्षमा अडिक रहि मर्कामा परेका, गरिब घरपरिवार, निर्वाहमुखी किसान अनि भूमिहीन ग्रामीण घरपरिवारलाई लक्षित बनाई गरिबी न्यूनीकरण गर्ने विभिन्न उपायहरुको सुनिश्चितताका साथ प्रचार प्रसार एवं कार्यान्वयन गर्ने दिशामा अगाडी बढेको देखिन्छ । यसका लागि एडिएसले व्यवसायीकरणमा न्यून पहुँच भएका प्राथमिकता दिइएका मूल्य शृङ्खलाका लागि बजार अनुकूलन गर्छ र मर्कामा परेकाहरूलाई समावेश गर्दै लघु तथा साना कृषि उद्यमको प्रचार गर्छ ।

मुलुकमा करिब छ दशकदेखिको योजनाबद्ध विकासको अभ्यास एवम् नवौँ योजनादेखि गरिबी निवारणलाई एकमात्र मूल उद्देश्यको रूपमा विकास योजनाको केन्द्रमा राखी गरिएका विभिन्न प्रयासहरूबाट गरिबी न्यूनीकरणको दिशामा उल्लेख्य प्रगति भएको छ । गरिबी निवारण गर्ने सरकारको प्रमुख दायित्व भए पनि यो एक अन्तरसम्बन्धित विषय भएकोले यसका लागि सरकारका प्रत्येक अङ्गहरूको भूमिका अपरिहार्य हुन्छ । विगत १७ वर्षको अवधिमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घटेको देखिए तापनि सहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबीचको खाडल अझै पनि उच्च रहेको देखिन्छ । तर विशेष गरी महिला, आदिवासी, अल्पसङ्ख्यक तथा दुर्गम ग्रामीण क्षेत्रमा बस्ने आमनागरिकहरूमा गरिबीको गहनता बढी भएको हुँदा गरिबी निवारणका प्रयासहरूमा यिनको अर्थपूर्ण सहभागिता आजको टड्कारो आवश्यकता देखिन्छ । यसर्थ गरिबी न्यूनीकरण प्रयासलाई निरन्तरता दिँदै गरिब र धनीबीचको असमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु आजको आवश्यकता हो । यस कार्यको जिम्मेवारी समग्र सरकारका अङ्गहरू तथा सरोकारवालाहरूसमेतको भएकोले विभिन्न निकायहरूबाट सञ्चालन हुने यस्ता कार्यक्रमहरू प्रभावकारी हुनुको साथै ती निकायहरूबीच समन्वय हुनु जरुरी छ । गरिबीको वितरण भौगोलिक/क्षेत्रीय रूपमा मात्र नभई जातीय रूपमा समेत असमान रहेको देखिन्छ । यससँगै गरिबी निवारणका लागि गरिब घरपरिवारको पहिचान कार्य हुन नसक्नु, लक्ष्यित घरपरिवारमा सामाजिक सुरक्षण कार्यक्रमहरू केन्द्रित गर्न नसकिनु, विभिन्न निकायहरूबाट सञ्चालित गरिबी निवारण कार्यक्रमहरूबीच समन्वयको अभाव रहनु, क्षमता विकासका कार्यहरू पर्याप्त नहुनु एवम् नीति, योजना र बजेट कार्यक्रमबीच समानजस्य नहुनुजस्ता समस्याहरू विद्यमान छन् । सङ्ख्यात्मक रूपले गरिबीको तथ्याङ्कमा सुधार आएको देखिए तापनि आर्थिक असमानता कायम नै रहेको देखिएकाले गरिबी निवारणको कार्य थप जटिल बनेको छ ।

चालू राष्ट्रिय विकास योजनाहरूले आर्थिक वृद्धि दर बढाउने र जनताको गरीबीलाई सकेसम्म तीब्रतम दरमा घटाउने दुई उद्देश्यमा ध्यान केन्द्रित गरेका छन् । आर्थिक विकास र सामाजिक समता एकअर्काका परिपूरक हुन् र यी लक्ष्य प्राप्तिका लागि व्यापक सहभागितामूलक दिगो विकासको आवश्यकता पर्दछ भन्ने कुरा प्रमाणहरूले देखाएका छन्। यस्तो अवधारणाले आसपासका क्षेत्रहरूलाई राष्ट्रिय मूलधारमा एकीकरण, सबै निकायहरूद्वारा तलदेखि माथिसम्मको सहभागिता, सामाजिक समावेशीकरणका लागि लैङ्गिक, जात, जाति तथा वञ्चितीकरणमा पारिएका समूहहरूको हित

गर्न सकारात्मक विभेद तथा जोखिम कम गर्ने संयन्त्रलाई अङ्गीकार गर्ने जस्ता रणनीतिको माग गरेको छ । गरिबी निवारण गर्ने उद्देश्यले नेपाल सरकारका विभिन्न निकायहरु आ-आफ्नो क्षेत्रमा लामो समय देखि नै सक्रिय रहदै आएका छन् । कृषि विकास रणनीति को एउटा प्रमुख उपलब्धि नै गरिबी निवारण गर्ने रहेको ले कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सम्पूण गतिविधीहरु पनि यसै तर्फ केन्द्रीत भएको देखिन्छ । सहकारी विभागबाट गरिब लक्षित कार्यक्रमको लागि २५ जिल्लामा गरिब घरपरिवार पहिचान कार्यक्रम सम्पन्न भएको छ । ठोस रुपमा हेर्दा खेरी कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले कृषिको व्यवसायिकरण र आधुनीकरण गर्दै जनताको जिविकोपार्जमा सुधार गरी गरिबी निवारण गर्ने रणनीति अख्तियार गरेको देखिन्छ । यसको लागि मन्त्रालयले आन्तरिक एवं दातृ निकायहरुको सहयोगमा विभिन्न आयोजनाहरु निर्माण गरी कार्यान्वयन गर्दै आएको छ ।

देशमा गरिबी निवारणको लागि सक्रिय रहेको अर्को संस्था गरीबी निवारण कोष पनि हो । गरीबी निवारण कोषका कार्यक्रमहरूमध्ये सामुदायिक आय-आर्जन र पूर्वाधार गतिविधि जस्ता मागमा आधारित मुख्य दुई परियोजनाहरू पर्दछन् । आय-आर्जनका क्रियाकलापहरू कृषि, बालीनाली, पशुपालन, लघुउद्यम र घरेलु उद्योग तथा व्यापार र सीपमा आधारित सेवाहरूसँग सम्बन्धित छन् । पूर्वाधारहरू लघु सिँचाइ, पदमार्ग, सडक सञ्जाल, कल्भर्ट, पुल, रोप वे, विद्युत तथा लघु जलविद्युत, पानी घट्ट, खानेपानी आपूर्ति, सरसफाइ र विद्यालय, स्वास्थ्य चौकी, औषधि पसलहरू,भण्डार गृह र बजार केन्द्रहरू जस्ता सामुदायिक भवनहरूसँग सम्बन्धित छन् । कोषको कम्तीमा प्रत्येक जिल्लामा दुई वटा पकेट क्षेत्र हुने गरी कुल ११० वटा पकेट क्षेत्र विकास गर्ने लक्ष्य रहेको छ । आ.व.२०७२/७३ सम्ममा पकेट उत्पादन र व्यवसायिक योजनाहरूको संख्या क्रमशः ३८ र २९ पुगेको छ । प्रमुख पकेटअन्तर्गत अल्लो, जुनार, सुन्तला, आलु, बंगुर, बाख्रा, कुखुरा, तरकारी, मसलाजन्य उत्पादन (अदुवा र बेसार), उखु तथा उखुजन्य उत्पादन, मौरीपालन तथा मह उत्पादन, नदीकिनारमा तरकारी उत्पादन, जडीबुटीजन्य विरुवाहरू, चिराइतो, दालचिनी, केरा र यसका उत्पादन तथा दुग्ध पदार्थहरूको उत्पादन, प्रशोधन तथा बजारीकरण पर्दछन् । यी पकेटहरूको उच्च मूल्य श्रृंखलाको सम्भावना छ । गरीबी निवारण कोषको वार्षिक प्रतिवेदन २०७२/७३ ले कोषका २०६० देखि २०७३ सालसम्मका विकासका ती प्रयासहरूको अभिलेखीकरण गरेको छ, जसमा लक्षित अवधिको तुलनामा विकासका विषयहरूको प्रकृति र जनतालाई सबल बनाउने अत्याधुनिक नवीन अवधारणाका रूपमा कार्यक्रमको परिणाममा केन्द्रित गरिएको छ । यसरी गरीबी निवारण कोषले १४ अरब रूपैयाँको घुम्ती कोष, पूर्वाधार, सेवा, तथा कृषि, पशुपालन, वन, वैकल्पिक ऊर्जा, हस्तकला, सेवा, प्राकृतिक स्रोतसाधनको व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा कमजोरीसँग मुकाबला गर्ने संयन्त्रलगायतका उत्पादनका नमूनाहरूसहित ३२,३६० सामुदायिक संस्थाहरूको छातामुनि झण्डै दश लाख लक्षित परिवारमा पुगेर सामाजिक रूपान्तरणका लागि एक महत्वपूर्ण कदम उठाएको छ । त्यस प्रक्रियामा कोषले उत्पादनको नयाँ संभावना खोलेर र लक्षित जनताको एक वर्षको खाद्यसुरक्षालाई चार महिनाबाट दोब्बर पारी आठ महिनामा पुऱ्याएर सामाजिक र वित्तीय पूँजीको विशाल सञ्जाल सिर्जना गर्दै मुलुकमा गरीबीको रेखामुनि बाँचिरहेका झण्डै दुई तिहाई घरपरिवारको सेवा पनि गरेको छ ।

३.७.३ कृषि व्यापारबाट हुने वचत

नेपालको कृषि वैदेशिक विनिमयको एउटा महत्त्वपूर्ण स्रोत हुन सक्ने सम्भावना बोकेको क्षेत्र हो । नेपालमा धेरै कृषि वस्तुहरुको उत्पादनमा तुलानात्मक लाभ छ र उपयुक्त नीति तथा लगानी गरेर चाडै नै प्रतिस्पर्धी र उच्च मूल्यका उत्पादनको कृषि निर्यातकर्ता हुन सक्छ । विशष गरी नेपालको चिसो हावा पानिमा उत्पादन हुने चिया, अलैची, कफी, मह, चिज, पश्मिना, एवं बहुमल्य जडिबुटीहरु निकासीका लागि योग्य वालीहरु हुन । त्यसै गरी तराई क्षेत्रमा उत्पादन हुने मसुरो, मसिना तथा वास्नादार धान, ताजा तरकारी एवं फलफूल समेत विदेशमा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकीने संभावना वोकेका वालीहरु हुन । कृषि विकास रणनीति ले मकै, डेरी, मसुरो,तरकारी, चिया जस्ता वालीहरुलाई विशेष प्राथमिकतामा राखी यिनिहरुको मूल्यश्रृखला सुदृढिकरण गर्ने कार्यक्रमहरु सिफारिस गरेको छ ।

औद्योगीक विकासको लागि कच्चा पदार्थको आपूर्ती कृषि क्षेत्रबाटै हुने भएकोले कृषि उद्यमशिलता अभिवृद्धि गर्न आ.ब.२०७३/७४ देखि आन्तरिक श्रोतबाट कृषि विकास रणनीतिको पूरक योजनाको रुपमा प्रधानमन्त्रि कृषि आधुनीकरण परियोजना लागु भएको छ । यस कार्यक्रम अन्तर्गत कृषि उपजको उत्पादनका लागि आबश्यक प्रविधि तथा उत्पादन सामाग्रीको ब्यवस्था, बाली/बस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आबश्यक पूर्वाधारको ब्यवस्था जस्ता कृयाकलाप रहेका छन् । यस परियोजनामा कृषि क्षेत्रलाई सुपरजोन, जोन, पकेट र ब्लक मा वर्गिकरण गरि कृषिको आधुनीकरण मार्फत कृषि वस्तुको उत्पादन एवं प्रसोधन गर्ने व्यवस्था रहदै आएको छ । कृषि विकास रणनीति कार्यान्वयनको पहिलो सहयोगी परियोजना भएको हुदा यसको वारेमा **३.७.३.१ मा विस्तृतमा चर्चा गरिएको छ ।**

उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP) कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को ऋण तथा अनुदान सहयोगमा मध्य पश्चिमाञ्चल विकास क्षेत्रका पहाडी तथा हिमाली क्षेत्रमा बसोबास गर्ने जनताहरुको गरिबी तथा जोखिमलाई न्यूनिकरण गर्न सञ्चालन भएको आयोजना हो । यो आयोजना आ.व. ०६७/६८ बाट संचालनमा रहेको छ र आयोजनाको अवधि ६ वर्षको रहेको छ । कृषि विकास मन्त्रालय यस आयोजना कार्यान्वयन गर्ने मुख्य संस्था हो । ग्रामीण क्षेत्रका गरिब जनता, विशेष गरी महिला तथा सिमान्तकृत समूहहरुलाई उच्च मूल्य कृषि वस्तु र गैरकाष्ठ वन पैदावर तथा जडीबुटी जन्य वस्तुहरुको मूल्य श्रंखला बजारमा पहुँच पु¥याएर उच्च आम्दानी तथा रोजगारीको अवसर बढाउनुको साथै बजारको माग र अवसर अनुसार निजी कृषि व्यवसायीहरु सँग सम्झौताको आधारमा व्यवसाय चलाउने क्षमताको अभिवृद्धि गर्नु यस आयोजनाको उद्देश्य रहेको छ । व्यवसायिक कृषि तथा व्यापार आयोजना विश्व वैंकको सहयोगमा सन् २००९ देखी नेपाल सरकार कृषि विकास मन्त्रालयले सन्चालन गर्दै आएको परियोजना हो । नेपालको कृषिको व्यवसायिकरको

गरि आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने राष्ट्रिय लक्षमा सहयोग पुर्याउनु यो आयोजनाको प्रमुख उद्देश्य हो । कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालयले माथि चर्चा गरिएका विभिन्न आयोजनाहरु एवं मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरुबाट सन्चालन हुने कार्यक्रमहरु मार्फत कृषि को आधुनीकरण र व्यवसायिकरण गरी कृषि व्यापारको प्रवर्द्धन गर्ने नीति कार्यान्वयन गर्दै आएको देखिन्छ । माथि चर्चा गरिएका कार्यक्रमहरु मध्ये प्रधानमन्त्रि कृषि आधुनीकरण परियोजना बाहेक अन्य सवै आयोजनाहरु कृषि विकास रणनीति कार्यान्वयनमा आउनु अघि देखि नै कार्यान्वयनमा रहेका थिए । कृषि विकास रणनीतिको कार्यान्वयन गर्ने उद्देश्यले स्वदेशी सोच र स्वदेशी लगानीमा प्रधानमन्त्रि कृषि आधुनीकरण परियोजना तयार गरी आ.ब.२०७३/७४ देखी दश वर्षका लागि कार्यान्वयनमा ल्याईएको देखीन्छ । कार्यान्वयनमा आएको एक बर्ष मात्र भएको यस परियोजनाको हालसम्मको कार्यप्रगति अवस्था सन्तोषजनक नै रहेको छ । यो वाहेक साविक पशुपन्क्षि विकास मन्त्रालयबाट विश्व वैंडको सहयोगमा Nepal Nepal Livestock Secotor Innovation Project विश्व सन् २०१८ बाट कार्यान्वयनमा आएको छ । यो परियोजना कृषि विकास रणनीतिका प्रावधानहरु बमोजिम नेपालको पशुपालन क्षेत्रको आधुनीकरण र व्यवसायिकरण गरी कृषि व्यापारको प्रवर्द्धन गर्ने उद्देश्ले तयार गरिएको छ । तर यस परियोजनाले दिने प्रतिफल मापनको लागि केहि वर्ष प्रतिक्षा गर्नुपर्ने देखिन्छ ।

३.७.३.१ प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजनाः

कृषि विकास रणनीतिको सहयोगी परियोजना रुपमा रहेको प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजनाले कृषिमा आधारित अर्थतन्त्रलाई कृषि जन्य उद्योगमा रुपान्तरीत आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोच लिएको छ । उक्त सोचलाई मुर्तरुप दिन कृषि उत्पादनको विशिष्टीकृत क्षेत्र निर्माण, निर्यातयोग्य कृषि वस्तुहरुको मूल्य अभिवृद्धि तथा प्रतिस्पर्धात्मक क्षमता वृद्धि, रोजगारीका अवसरहरुको सृजना र सम्बन्धित सवै सरोकारवालाहरु सँगको कार्यमूलक समन्वयलाई प्राथमिकता दिने जस्ता उद्देश्यहरु लिएको छ । यस परियोजनाले कृषि योग्य भूमिको चक्लावन्दी, उन्नत प्रविधि र गुणस्तरीय पूर्वाधार विकास, प्रतिस्पर्धी कृषि तथा औद्योगीकीकरण र उपलब्धीमा आधारीत सहजीकरण जस्ता अवधारणा लिएको देखिन्छ । परियोजनाले प्रस्तान विन्दुकोरुपमा अंगीकार गरेको पकेट, ब्लक, जोन र सुपरजोन जस्था संभागहरुको माध्यमबाट विशिष्टीकृत कृषि क्षेत्रको निर्माण हुने र ति क्षेत्रहरु साना, मझौला व्यवसायिक उत्पादन केन्द्र प्रशोधन केन्द्र एवं औद्यागिक केन्द्रको रुपमा विकास भई देश आत्मनिर्भरताको दिशामा अग्रसर हुने अपेक्षा गरिएको छ । । कृषि विकास रणनीतिको कार्यान्वयन गर्ने उद्देश्यले स्वदेशी सोच र स्वदेशी लगानीमा प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना तयार गरी आ.ब.२०७३/७४ देखी दश वर्षका लागि कार्यान्वयनमा ल्याईएको छ । परियोजना अवधिभरमा यस्ता पकेट ब्लक, जोन र सुपर जोनको संख्यामा क्रमशः वृद्धि गर्दै न्यूनतम १५ हजार पकेटहरु, १५०० व्लकहरु, ३०० जोनहरु र २१ सुपरजोनहरु स्थापना हुने छन् ।

प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजनाले कृषि क्षेत्रको आधुनीकरणका लागि निम्न अनुसारका रणनीतिहरु अवलम्बन गरेको देखिन्छ ।

- भूमिको वैज्ञानीक उपयाग
- आधुनीक कृषि प्रविधिहरुको अवलम्बन
- कृषिमा यान्त्रिकीकरण
- कृषि उपजहरुको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरुको विकास
- कृषि अनुशन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकीकरण
- प्रतिफलमा आधारीत प्रोत्साहन प्रणालीको अवलम्बन
- गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि
- वातावरण परिवर्तन अनुकुलित कृषि प्रणाली अवलम्बन

प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना सन्चालनको अवधारणा

- कृषि योग्य जमिनको चक्लाबन्दि
- विशिष्टिकृत व्यवसायिकरण
- उन्नत प्रविधि र गुणस्तरीय पूर्वाधार विकास
- अन्तराष्ट्रियरुपमा बजारमा प्रतिस्पर्धि कृषि र औद्योगिकरण
- उपलब्धिमा आधारीत सहजीकरण

कृषि विकास रणनीति र प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना विचको अन्तर सम्बन्ध

कृषि विकास रणनीतिको कार्यान्वयन गर्ने उद्देश्यले स्वदेशी सोच र स्वदेशी लगानीमा आन्तरीक संस्थागत जनशक्तिद्धारा तयार गरिएको प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना आ.ब.२०७३/७४ देखी दश वर्षका लागि नेपाल सरकारले कार्यान्वयनमा ल्याईएको छ । यो परियोजना कृषि विकास रणनीति कार्यान्वयनको पहिलो एवं सहयोगी परियोजना हो । प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजनाले अवलम्बन गरेका रणनीतिहरु कृषि विकास रणनीतिले कृषि क्षेत्रको आधुनीकरणका लागि परिकल्पना गरे अनुकुलनै रहेको पाईन्छ । प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजनाका लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम आदी सवै सैद्धान्तिक पक्षहरु कृषि विकास रणनीतिले निर्दिश्ट गरेको परिधि भित्र रहेर तयार भएको छ । संक्षेपमा भन्नु पर्दा यो परियोजना कृषि विकास रणनीतिको एउटा Flagship कार्यक्रम हो । तर कृषि विकास रणनीतिमा ADS Trust Fund स्थापना गरी सो मार्फत Flagship कार्यक्रम कार्यान्वयन गर्ने नीतिगत व्यवस्था रहेको छ । प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजनाको सन्चालन सरकारबाट सालवसालीरुपमा बजेट व्यवस्था गरी हुदै आएको छ जुन कृषि विकास रणनीतिमा भएको ADS Trust Fund को नीतिगत प्रावधानसंग मेल खादैन । तर नेपाल सरकारले हाल सम्म पनि ADS Trust Fund स्थापना गर्न नसकेको अवस्थामा आयोजना कार्यान्वयनको यो भन्दा भरपर्दो विकल्प पनि देखिदैन ।

प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजनाको कार्यानवयन अवस्था

प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना अन्तर्गत विभिन्न वाली वस्तुहरुका पकेट, ब्लक, जोन र सुपर जोनहरु देशका विभिन्न स्थानमा स्थापना भई सन्चालन हुदै आएका छन् र परियोजना अवधिभरमा यस्ता पकेट ब्लक, जोन र सुपर जोनको संख्यामा क्रमशः वृद्धि गर्दै न्यूनतम १५ हजार पकेटहरु, १५०० व्लकहरु, ३०० जोनहरु र २१ सुपरजोनहरु स्थापना हुने छन् । हाल पकेट र ब्लक जिल्ला कृषि विकास कार्यालय मार्फत कार्यान्वयन हुदै आएका छन् भने जोन र सुपर जोन आयोजना आफैले कार्यान्वयन गर्दै आएको छ । पकेट ब्लक, जोन र सुपर जोन सन्चालनका लागि सवैतिर स्थानीय स्तरमा सञ्चालक समितिको निर्माण गरिएको छ । तर देश संघिय संरचनामा गईसकेको परिप्रेक्षमा संघिय कृषि विकास मन्त्रालयले निशर्तः अनुदानको रुपमा कृषि विकासको बजेट स्थानीय निकायहरुलाई उपलब्ध गराएको तर स्थानीय नीकायहरुले केन्द्रबाट प्राप्त सो अनुदान रकम गैर कृषि प्रयोजनाको लागि विनियोजन गरि खर्च गर्ने गरेको ले हाल देशभरका पकेट र ब्लक बजेट विहिन अवस्थामा पुगेका छन् । साथै २०७५ आषाढ मसान्तबाट देशैभरका जिल्ला कृषि विकास कार्यालयहरु वन्द हुने पछिल्लो अवस्थाका कारण यि पकेट र ब्लक सन्चलन कसरी गर्ने भन्ने थप अन्योलता थपिएको छ । यसै गरी परियोजना आफैले सन्चालन गर्दै आएका जोन र सुपर जोन पनि जनअपेक्षा अनुरुप सन्चालन हुन सकेको देखिदैनन् । विशेषगरी कृषि विकास मन्त्रालयमा राजनीतिक नेतृत्व परिवर्तन भए सँगै आउने नया नेतृत्वले आर्थिक/प्राविधिक सम्भाव्यता लाई भन्दा पनि आफ्नो राजनीतिक अनुकुलतालाई लाभ हुने हिसावले जोन र सुपर जोनको संख्यामा थप गर्ने परिपाटी विकास भएको देखिन्छ । साथै कार्यान्वयनमा आएको छोटो अवधिमै दुईजना आयोजना निर्देशक परिवर्तन हुनुले पनि यो परियोजना मा कति राजनीतिक प्रभाव एवं हस्तक्षेप रहेछ भन्ने थप प्रस्ट हुन्छ ।

३.७.४ ग्रामीण घरपरिवारको उच्च र उचित आम्दानी

एडिएसले उच्च आम्दानी र सुधारिएको जीवनशैली र खाद्य तथा पोषण सुरक्षाद्वारा कृषक र कृषि उद्यमीको समृद्धिको उद्देश्य राख्दछ । गरिबी न्यूनीकरणमा आम्दानी वितरणको महत्त्वलाई बढावा दिएको छ । जस्तैः आम्दानीको अधिक असमान वितरणले गरिबी न्यूनीकरण विकास कार्यमा असर गर्दछ । एडिएसले उपेक्षित समूह र क्षेत्रको समावेश अनि मूल्य शृङ्खला विकासको पहुँचको पनि प्रचार गर्दछ । उक्त मूल्य शृङ्खलाको विकास यसको लाभांशको अझ समान वितरणमा जोड दिने गरिबहरूको बजारमा आधारित हुन्छ । त्यसैगरी एडिएसले परम्परागत रूपमा पछि पारिएका समूह; जस्तैः महिला, युवा र अरू विपन्न दलित र जनजाति समूहद्वारा चलाइएका कृषि उद्यम विकासको प्रचार गर्ने कार्य गर्दछ । नेपालमा हाल कार्यान्वयनमा रहेका अधिकांश कृषि विकासका परियोजनाहरु मूल्य शृङ्खला पद्धतीमा आधारित छन् । कृषि विकास रणनीति ले मकै, डेरी, मसुरो,तरकारी, चिया जस्ता वालीहरुलाई विशेष प्राथमिकतामा राखी यिनिहरुको मूल्यश्रृखला सुदृढिकरण गर्ने कार्यक्रमहरु सिफारिस गरेको विषय माथि नै चर्चा गरि सकियो । कृषि विकास रणनीतिका यि प्रावधानबाट निर्देशित भएर ग्रामीण घरपरिवारको आम्दानी वृद्धि गर्न अवका दिनमा कृषि विकास संग सम्बन्धित निकायहरुबाट के कस्ता कार्यक्रमहरु तर्जुमा एवं कार्यान्वयन हुने हो त्यो हेर्न बाँकी नै रहेको

छ । विशेष गरी स्थानीय तहहरु र प्रदेश सरकारले कृषि विकासको लागि चाल्ने कदमले धेरै हदसम्म नेपालको कृषि विकास कुन दिशातर्फ जान्छ भन्ने कुरालाई निर्धारण गर्ने देखिन्छ ।

३.७.५ कृषकहरूको मजवुद गरिएको अधिकार

एडिएसले विशेष गरी कृषकका प्रतिनिधिहरू यसको केन्द्रीय र स्थानीय तहका महत्त्वपूर्ण समन्वयात्मक प्रक्रियाका हिस्सा हुन् भन्ने कुराको सुनिश्चित गराएको छ । जस्तैः उनीहरू एडिएस को कार्यान्वयन समितिका सञ्चालक सदस्य हुन्, उनीहरू नेपाल कृषि अनुसन्धान परिषद्को बोर्डमा छन्, उनीहरू लगभग चार हजार गाविसमा रहेका सामुदायिक कृषि प्रसार सेवाकेन्द्रको बोर्डमा छन्, उनीहरू कृषि व्यावसायिक कृषि गठबन्धनको र मूल्य शृङ्खला विकास संगठनका सदस्य छन्, कृषि क्षेत्रका लागि नीति तर्जुमा गर्दा र योजना प्रतिपादन गर्दा उनीहरूको सल्लाह लिइन्छ, उनीहरूलाई कृषि क्षेत्रको अनुगमन गर्दा पनि सल्लाह लिइन्छ । उनीहरू जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा सञ्जालका सदस्य पनि हुन् । यी सब संस्थाहरूमा कृषकहरूको प्रतिनिधि हुँदा उनीहरू एडिएस मा आफ्नो अधिकार सुनिश्चित गर्न र सबल बनाउन योग्य रहने छन् । एडिएसमा भएका विभिन्न समितिहरु जस्तै राष्ट्रिय कृषि विकास कार्यान्यन समिति, राष्ट्रिय कृषि विकास समन्वय समिति को गठन गर्दा उक्त समितीहरुमा राष्ट्रिय किसान सञ्जालको प्रतिनिधित्वय रहने व्यवस्था गरिएको छ । नेपाल कानून आयोगबाट खाद्य अधिकार र खाद्य सम्प्रभुता सम्बन्धि कानून को मस्यौदा निर्माण भई अगाडी बढेको छ । अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गरी किसानको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न तथा कृषि सम्बन्धी ऐन, कानून, नीति तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसार लाई किसानमैत्री बनाई किसानहरुको हक हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउने कार्यमा नेपाल सरकारलाई सहयोग पुर्याउन नेपाल सरकार मन्त्रिपरिषद को २०७३।१०।०६ निर्णयाअनुसार राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ जारी गरी राष्ट्रिय किसान आयोग गठन गरेको छ । गठन पश्चात नै आयोगबाट किसानको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न विभिन्न कार्यक्रमहरु सन्चालन हुदै आएका छन् ।

३.७.६ नीतिगत तहमा भएका प्रयासहरु

नेपाल सरकार मन्त्रिपरिषद् बाट स्वीकृत भए पश्चात साविक कृषि विकास मन्त्रालयबाट रणनीति कार्यान्वयनका लागि निम्न कार्यहरु भएको देखिन्छ ।

- कृषि विकास रणनीति को नेपालीमा अनुवाद र छपाई ।
- राट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ मस्यौदा निर्माण
- कृषि विकास रणनीति का सान्दर्भिक तथ्यांकहरुको अध्यावधिक
- कृषि विकास रणनीति मा भएका विभिन्न समितिहरुको गठन गर्ने

- राट्रिय कृषि विकास रणनीति कार्यान्वयन समिती,
- राट्रिय कृषि विकास रणनीति समन्वय समिति एवं उपसमितिहरु ।
- कृषि विकास रणनीति कार्यान्वयन कार्ययोजना निर्माण (ADS Action Plan) तयार गर्ने ।
- ADS Flagship Program Manager हरुको TOR निर्माण
- ADS Information Desk/ Focal Unit स्थापना ।
- Food and Nutrition Security Plan of Action (FNSPA) स्वीकृत ।
- कृषि विकास रणनीति सचेतना अभिवृद्धि कार्यक्रम सन्चालन ।
- विज्ञ मार्फत संघिय संरचना अनुसार कृषि विकास रणनीति परिमार्जन प्रतिवेदन तयार
- विज्ञ मार्फत ADS Trust Fund सन्चालन कानूनको मस्यौदा निर्माण
- ADS Joint Sector Review Committee गठन
- ADS GESI Strategy निमार्ण
- NARC Restructuring Committee निर्माण भई समितिको प्रतिवेदन तयार

४. निष्कर्ष एवं सुझावहरु (Conclusion and Suggestion)

कृषि विकास रणनीतिले दश वर्षे कार्ययोजना र मार्गचित्रसहित कृषि क्षेत्रको विगत तथा वर्तमानका कामहरूको समीक्षामा आधारित रहेर कृषि विकासको समष्टिगत बीस वर्षे रणनीतिक योजना प्रस्तुत गर्दछ । २०७२ श्रावण १० गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट स्वीकृत कृषि विकास रणनीति नेपालको साविककै केन्द्रीकृत प्रशासनिक संरचना अनुकुल रहने गरी तयार गरिएको छ । संविधान सभाबाट २०७२ आश्वीन ३ गते नेपालको नया संविधान घोषणा भई मुलुक औपचारीक रुपमै संघिय लोकतान्त्रीक गणतन्त्रमा प्रवेश गर्यो । नेपालको नया संविधान बमोजिम साविकक केन्द्रीकृत प्रशासनिक संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघिय प्रशासनिक संरचनामा परिणत हुनगयो । संविधान अनुरुप तीनै तहको निर्वाचन पनि सफलतापूर्वक सम्पन्न भई नया सरकारहरु सवै तहमा बनि ससकेकाछन् । संविधानतः यि तीन वटै तहका सरकारहरुले संविधान र कानूनको अधिनमा रहि स्वायत्त ढंगले कामगर्न सक्छन् । संविधानको अनूसुची ५,६,७,८,९ मा संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारहरु तोकीएका छन् । उच्चस्तरीय संधियता कार्यान्वयन तथा प्रशासन पुनसंरचना प्राविधिक समित तथा संघियता कार्यान्वयन तथा प्रशासन पुनसंरचना निर्देशक समितिबाट नेपालको संविधानको अनूसुची ५,६,७,८,९ मा उल्लेखित कार्य जिम्मेवारी विस्तृतिकरण भएको छ । संविधानको अनूसुची ५,६,७,८,९, उक्त कार्य विस्तृतिकरणको प्रतिवेदन, मूलुकको क्षमता र नेपाली जनताको आकांक्षा लाई केन्द्रविन्दुमा राखेर कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले संघिय कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयल र मातहतका निकायहरुको संरचना तयार गरिरहेको छ । प्रदेश स्तरमा प्रादेशिक सरकारहरुले प्रादेशिक कृषि मन्त्रालयको अन्तरिम संरचना तयार गरिसकेका छन् । त्यसै गरी स्थानीय तहमा पनि अन्तरिम प्रशासनिक संरचना तयार भई सकेको छ । संघिय सरकारले प्रदेश सरकार र स्थानीय तहलाई संवैधानीक प्रावधान बमोजिम विभिन शशर्तः एवं निशर्तः अनुदान, कर तथा राजश्व संकलनको अधिकार प्रदान गरि सरकार सन्चालनलाई सहजिकरण गरिरहेको छ । संविधान कार्यान्वयनको यो विन्दु सम्म आईपुग्दा कृषि विकास रणनीति कार्यान्वयनका लागि संबन्धित निकायहरु अल्मल्मा परेको प्रस्ट देखिन्छ । यो प्रतिवेदन तयार गर्दाको चरणमा जिल्ला स्थित कृषि/पशु कार्यालय मात्र नभएर क्षेत्रीय, विभागीय र मन्त्रालय स्तरका कार्यालयहरुको गत आ.व. २०७३।७४ र चालु आ.व. २०७४/७५ का वार्षिक कार्यक्रम अध्ययन गर्दा समेत केहि अपवादलाई छाडेर कृषि विकास रणनीति कार्यान्वयन गर्ने दृष्टिकोण बाट तात्विकरुपमा वार्षिक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन भएको

देखिदैन । यहाँसम्म कि कृषि विकास रणनीति कार्यान्वयनको नेतृत्व गरिरहेको कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले कृषि विकास रणनीति कार्यान्वयनको कार्य प्रगति विवरण हरेक चौमासिकमा व्यवस्थापिका संसदलाई पठाउनुपर्ने नीतिगत व्यवस्था प्रस्ट संग कृषि विकास रणनीतिको दस्थावेजमा उल्लेख गरिएको छ तर विडम्बना भनौ संघिय कृषि मन्त्रालयले हालसम्म एक पटक पनि व्यवस्थापिका संसदलाई उक्त प्रगती प्रतिवेदन बुझाएको देखिदैन । अझ संघिय कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको नयाँ संरचनामा साविकको कृषि विकास रणनीति समन्वय शाखालाई समेत खारेज गरिएको छ । ADS Trust Fund स्थापना हुन सकेको छैन । Flagship कार्यक्रम कार्यान्वयन थप अन्योलमा परेको देखिन्छ । लोक लाज बचाउनका लागि कृषि विकास मन्त्रालयले दुई चार वटा गोष्ठी, अध्ययेन, तालिम जस्ता softwere का केहि कार्यक्रमहरुलाई Flagship कार्यक्रमको लेपनगरी कृषि विभागमार्फत सन्चालन गरेको छ जुन सिमान्तकृत जन्ता एवं वास्तविक किसान समक्ष पुग्न सकेको देखीदैन । यसबाट के प्रस्ट हुन्छ भने कृषि विकास रणनीति कार्यान्वयन गर्न स्वयं कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय नै गम्भिर छैन । हालसम्म जे जती कार्यक्रमहरु तर्जुमा भई कार्यान्वयन भएका छन अधिकाँश कार्यक्रमहरु सालवसाली ढंगका र पूर्व निर्धारीत योजना/आयोजना मुताविक नै तर्जुमा भई कार्यान्वयन गरिएका छन् । कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलमा कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम बजेट उपशिर्षक मार्फत नगन्य मात्रामा कार्यक्रमहरु सन्चालन हुदै आएका छन् जुन त्यति प्रभावकारी छैनन् । आवधिक योजना अन्तर्गत चौधौं योजना (२०७३।७४-२०७५।७६) मा कृषि विकास रणनीतिलाई नेपालको कृषि विकासको दिर्घकालीन दृष्टिकोणको रुपमा स्वीकार गरी सो को प्रभावकारी कार्यान्वयन गर्ने आशय व्यक्त भएको पाइन्छ तर आवधिक योजना लाई कार्यान्वयन गर्नका ल्याईने कृषि विकास रणनीति सम्बद्ध विषयगत मन्त्रालय/निकायहरुको वार्षिक कार्यक्रम र बजेट मा ADS Action Plan कार्यान्वयन गर्ने तर्फ ध्यान पुगेको देखिदैन । प्रादेशि सरकार र स्थानीय तहलाई त ADS को बारेमा जानकारी नै छैन कार्यान्वयन त धेरै परको विषय हो ।यसबाट के निस्कर्षमा पुग्न सकिन्छ भने नेपाल सरकारको अर्को दिर्घकालीन नीति असफलताको मार्ग तर्फ लम्किरहेको छ र समयमै सुधारका कदम नचालीने हो भने त्यो दिन आउन कति बेर पनि लाग्दैन । यो अवस्था आउनुको पछाडि निम्न कारणहरु रहेका देखिन्छन्:

- कृषि विकास रणनीति नेपालको साविककै केन्द्रीकृत प्रशासनिक संरचना अनुकुल रहने गरी तयार गरिएको छ जुन नेपालको वर्तमान संविधान अनुरुपको संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघिय प्रशासनिक संरचनामा फिट हुदैन ।
- प्रत्येक प्रादेशिक सरकार को आ-आफ्नै प्रदेश अनुकुलको कृषि विकास रणनीति तर्जुमा गर्नु पर्ने वाध्यता सिर्जना हुनु
- स्थानीय तहमा कृषि क्षेत्रले तुलनात्मक रुपमा प्राथमिकता पाउन नसक्नु
- कृषि विकास रणनीति कार्यान्वयनका लागि तालुक निकाय कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय गम्भिर नहुनु

- सरोकारवाला मन्त्रालय/नीकायहरुबाट कृषि विकास रणनीतिप्रतिको अपनत्व ग्रहण नहुनु
- फ्ल्यागसिप कार्यक्रम कार्यान्वयन गर्न ADS Trust Fund बन्न नसक्नु
- सरोकारवाला मन्त्रालय/नीकायहरु बीच आपसी समन्वय प्रभावकारी हुन नसक्नु
- कृषि विकास रणनीतिको बारेमा जनस्तरमा सचेतीकरण हुन नसक्नु आदी ।

यि र यस्तै विविध कारणहरुले गर्दा कृषि विकास रणनीति कार्यान्वयनले अपेक्षाकृत गती लिन सकेको छैन । यस्तो जटिल अवस्थाबाट माथि उठी कृषि विकास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्दै समग्र कृषि क्षेत्रको दिगो विकास गर्न निम्न बमोजिमका सुधारका उपायहरु अपनाउनु उपयुक्त देखिन्छ ।

- नेपालको संविधान बमोजिमको संघिय संरचना अनूरुप मेल खाने गरी अभिलम्ब कृषि विकास रणनीतिको परिमार्जन गर्ने ।
- कृषि विकास रणनीतिमा व्यवस्था भए बमोजिम संघिय कृषि मन्त्रालयले व्यवस्थापिका संसदलाई चौमासिक रुपमा रणनीति कार्यान्वयनको प्रगति प्रतिवेदन अनिवार्य बुझाउने ।
- प्रादेशिक कृषि विकास रणनीति तर्जुमा गर्दा संघिय कृषि विकास रणनीति संग मेल खाने गरी तर्जुमा गर्ने
- प्रत्येक स्थानीय तहले आ-आफ्नो प्रादेशिक कृषि विकास रणनीति लाई कार्यान्वयन गर्ने गरी कृषि विकास योजना तर्जूमा गरी प्राथमिकताका साथ लागू गर्ने ।
- स्थानीय तहको कृषि विकास योजना/कार्यक्रम, प्रदेश सरकारको प्रादेशिक कृषि विकास रणनीति र संघिय सरकारको कृषि विकास रणनीति विच परिपुरक सम्बन्ध रहने गरी नीति तथा कार्यक्रम तर्जूमा गर्ने ।
- संघिय कृषि मन्त्रालयले प्रदेश कृषि मन्त्रालयललाई र प्रदेश कृषि मन्त्रालयलले स्थानीय तहलाई विषयगत जिम्मेवारी बहनको सिलसिलामा नीतिगत नियन्त्रण/निर्देशन, Tehnical Backsotpping, superversion, and monitoring गर्ने सकिने संयन्त्र निर्माण गर्ने
- स्थानीय तहको कृषि क्षेत्रको कार्य प्रगती एवं तथ्यांक प्रदेशमा Compile हुने र प्रदेशको कृषि क्षेत्रका कार्य प्रगती एवं तथ्यांक संघिय सरकारको सम्बन्धित निकायमा Compile हुने प्रणाली विकास गर्ने । यो प्रणालीबाट राष्ट्रिय स्तरको एकिकृत कृषि तथ्यांक तयार गर्न सजिलो हुन्छ ।
- जिल्ला स्तरमा कृषकहरुलाई प्राविधीक सेवा प्रवाह गर्न सवै जिल्लामा विज्ञ सहितको **कृषि ज्ञान केन्द्र** (Agriculture Knowledge Center) स्थापना गर्ने ।
- फ्ल्यागसिप कार्यक्रम कार्यान्वयन गर्न ADS Trust Fund निर्माण गर्ने ।
- चार वटै फ्ल्यागसिप कार्यक्रमको लागि अलग अलग संयन्त्र निर्माण गरी कार्यान्वयन गर्ने ।

- संघिय सरकारका सम्बन्धित सवै मन्त्रालय/निकायहरुले वार्षिक कार्यक्रम तर्जुमा गर्दा ADS Action Plan लाई कार्यान्वयन गर्ने हिसावले कार्यक्रम तर्जुमा गर्ने
- राष्ट्रिय किसान आयोगलाई प्रादेशिक तहमा समेत विस्तार गरि प्रादेशिक सरकार र स्थानीय तहलाई कृषि विकास रणनीति कार्यान्वयनमा सजग गराउने ।
- कृषि विकास रणनीतिको बारेमा जनस्तरमा व्यापक प्रचार प्रसार गर्ने ।

५. सन्दर्भ ग्रन्थहरु

कृषि विकास रणनीति (२०१५-३५) भाग १ नेपाल सरकार कृषि विकास मन्त्रालय ।

कृषि विकास रणनीति (२०१५-३५) भाग २ नेपाल सरकार कृषि विकास मन्त्रालय ।

उच्चस्तरीय संधियता कार्यान्वयन तथा प्रशासन पुनसंरचना प्राविधिक समिती तथा संघियता कार्यान्वयन तथा प्रशासन पुनसंरचना निर्देशक समिति को प्रतिवेदन २०७४ नेपाल सरकार

आर्थिक सर्वेक्षण २०७४।७५ नेपाल सरकार अर्थ मन्त्रालय ।

खाद्य तथा पोषण सुरक्षा सम्बन्धि नीतिगत व्यवस्था २०७४ नेपाल सरकार कृषि विकास मन्त्रालय ।

चौधौ योजना (२०७३।७४-७५।७६) नेपाल सरकार राष्ट्रिय योजना आयोग ।

वार्षीक प्रगति पुस्तीका २०७३/७४ जिल्ला कृषि विकास कार्यालय दोलखा ।

वार्षीक प्रगति पुस्तीका २०७३/७४ जिल्ला कृषि विकास कार्यालय सिन्धुली ।

वार्षीक प्रगति पुस्तीका २०७३/७४ जिल्ला कृषि विकास कार्यालय रुपन्देही ।

वार्षीक प्रगति प्रतिवेदन २०७२/७३ नेपाल सरकार पशुपन्क्षी विकास मन्त्रालय ।

वार्षीक प्रगति प्रतिवेदन २०७२/७३ नेपाल सरकार कृषि विकास विकास मन्त्रालय ।

वार्षीक प्रगति प्रतिवेदन २०७२/७३ नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय ।

कृषि पशुपन्क्षी भूमि व्यवस्था तथा सहकारी क्षेत्रक रुपान्तरको मार्गचित्र २०७५ नेपाल सरकार कृषि विकास मन्त्रालय ।